रघुवीर महासेठ मन्त्री बन्दा कार्यकर्ता खुसी | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २८० • २०८० साल फाल्गुन २४ गते बिहिबार (7 March, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कांग्रेस छलफलमा

टुडे समाचारदाता

काठमाण्डु । सत्ताबाट बाहिरिए पछि नेपाली कांग्रेसले सत्ता बाहिर रहेका दलहरुसित छलफल जारी राखेको छ ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले बुधवार बिहान नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसित उनको निवासमा पुगेर भेंटेका थिए । देउवाले नेपाललाई सहकार्यका लागि आग्रह गरेको केही घण्टा भित्रै सरकारमा सहभागी हुने निर्णय नेकपा एसले गरेको थियो ।

त्यसपछि देउवाले जनमत पार्टीका अध्यक्ष सी के राउत, लोसपाका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरीसित छलफल गरेका थिए ।

सरकारमा सहभागी नभएको जसपा समेतलाई गठबन्धनमा सहभागी गराउन देउवाले प्रयास गरिरहेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सित पनि कांग्रेसका नेताहरुले छलफल गरिरहेका छन् । तर सरकार गठनका लागि गणितीय संख्या पुऱ्याउन कांग्रेसका लागि जटिल नै देखिएको छ ।

### सरकारको दोस्रो वरियतामा धनुषाका महासेठ

# संघीय मन्त्रिमण्डल विस्तार, १९ जना मन्त्रीले लिए सपथ

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुनर्गठन गरेको मन्त्रिमण्डलको दोस्रो वरियताको उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्रीको रुपमा नेकपा एमालेका सचिव रघुवीर महासेठले सपथ लिएका छन् ।

शितल निवासमा आयोजित सपथ ग्रहण समारोहमा १४ जना मन्त्रीले बुधवार सपथ लिएका छन् । तीन जना मन्त्रीले यस अघि नै सपथग्रहण गरेका थिए । सरकारमा उपप्रधानमन्त्री रहेका तीनै जना यस अघि पनि उपप्रधानमन्त्री रहिसकेका छन् । उनीहरुको सरकारमा प्रधानमन्त्री पछिको वरियतामा नेकपा एमालेको तर्फबाट महासेठ उपप्रधानमन्त्री बनेका छन् । माओवादीबाट उपप्रधान तथा परराष्ट्र मन्त्री बनेका नारायणकाजी श्रेष्ठ तेस्रो वरियतामा र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष उपप्रधान तथा गृह मन्त्री रवि लामिछाने चौथो वरियतामा परेका छन् ।

उपप्रधानमन्त्री महासेठले सरकारमा एमालेको नेतृत्व गर्नेछन् ।एमालेबाट उनको नेतृत्वमा ८ जना सरकारमा छन् । सबै भन्दा बढी मन्त्रालय एमालेको भागमा नै परेको छ ।

महासेठ दोस्रो पटक उपप्रधानमन्त्री बनेका छन् । उनी एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेको



बेला उपप्रधान तथा परराष्ट्र मन्त्री बनेका थिए । भौतिक पूर्वाधार मन्त्री रहिसकेका महासेठको अनुभवले यस पटक काम गर्न सहज हुने नेताहरुले बताएका छन् ।

प्रधानमन्त्री प्रचण्ड अध्यक्ष रहेको माओवादी केन्द्रबाट ५ जना मन्त्री बनेका छन् । रास्वपाको भागमा ४ वटा मन्त्रालय परेको छ। सरकारमा पार्टीको नेतृत्व अध्यक्ष लामिछानेले गरिरहेका छन् ।

सरकारमा सहभागी भएका नेकपा एसले २ वटा मन्त्रालय पाएको छ । नेकपा एसले सरकारमा जाने निर्णय बुधवार सबेरै गरे पनि मन्त्री छान्न ढिला गरेकाले सपथग्रहण पनि निर्धारित समय भन्दा ढिलो भएको थियो ।

स्रोतहरुका अनुसार अध्यक्ष नेपाल सरकारमा सहभागी हुन इच्छुक नरहे पनि नेता झलनाथ खनाल लगायतका सांसदहरुको दवाव खप्न नसकेर अन्तिम समयमा निर्णय लिन बाध्य भएका थिए ।

वर्तमान सत्ता गबठन्धनको आठ बुंदे सहमति पत्रमा हस्ताक्षर गरेका जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले भने सरकारमा सहभागिता जनाएको छैन् । जसपा कार्यकारिणी समितिको बैठकमा सरकारमा मन्त्रीका लागि नाम पठाउने विषयमा सहमति जुट्न नसकेकाले दोस्रो पटकको विस्तारमा समेत परेको छैन् ।

जसपा सहभागी नभएपनि सरकारमा मधेश प्रदेशबाट उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री महासेठ र कृषि तथा पशुपंक्षी मन्त्री ज्वाला साह बनेकी छन् । दुबै जना एमालेका नेता छन् ।साह बारा जिल्लाबाट निर्वाचित सांसद हुन् ।

प्रधानमन्त्री प्रचण्डसित वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाँकी रहेको छ । यस अघिको गठबन्धन सरकारमा जसपाले शिक्षा र वन मन्त्रालय पाएको थियो । जसपा सरकारमा गए वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पाउने छ ।

लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) , जनमत पार्टी र नागरिक उन्मुक्ती पार्टीको सरकारमा सहभागिताको मार्ग बन्द भए जस्तो छ ।कांग्रेस सहितको गठबन्धन सरकारमा लोसपाले एउटा, जनमतले एउटा र नागरिक उन्मुक्ति पार्टीले एउटा मन्त्रालय पाएको थियो ।

जसपा सरकारमा सहभागी नभए पनि समर्थन दिएको र नेकपा एस पनि सरकारमा सहभागी भएकाले प्रधानमन्त्री प्रचण्डलाई बहुमतको समस्या हुने देखिदैन् । तर जसपाले साथ छाडे सरकारलाई संसदमा विश्वासको मत लिन समस्या हुन सक्नेछ ।

| नाम | पद | मन्त्रालय |
|---|---|---|
| पुष्पकमल दाहाल'प्रचण्ड' | प्रधानमन्त्री | वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या |
| रघुबीर महासेठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | परराष्ट्र |
| रवि लामिछाने | उपप्रधानमन्त्री | गृह |
| वर्षमान पुन | मन्त्री | अर्थ |
| शक्तिबहादुर बस्नेत | मन्त्री | उर्जा, जलश्रोत तथा सिँचाई |
| भानुभक्त जोशी | मन्त्री | संघीय मामिला तथा समान्य प्रशासन |
| हितबहादुर तमांग | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रबिधि |
| पदम गिरि | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| ज्वाला कुमारी साह | मन्त्री | कृषि तथा पशुपञ्छी विकास |
| बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| भगवती चौधरी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| राजेन्द्र कुमार राई | मन्त्री | खानेपानी |
| हरिप्रसाद उप्रेती | मन्त्री | रक्षा |
| धनबहादुर बुढा | मन्त्री | सहरी विकास |
| डोलप्रसाद अर्याल | मन्त्री | श्रम, रोजगार तथा समाजिक सुरक्षा |
| सुमना श्रेष्ठ | मन्त्री | शिक्षा, विज्ञान तथा प्रबिधि |
| विराजभक्त श्रेष्ठ | मन्त्री | युवा तथा खेलकुद |







# जङ्गली जनावरको त्रासमा निकुञ्ज वरिपरिवासी



वीरगञ्ज । पर्साको पटेर्वासुगौली-२ लक्ष्मीपुर निवासी २३ वर्षीय सरोज अधिकारीलाई गत बिहीबार बाघले आक्रमण गरी घाइते बनायो । शरीरका विभिन्न भागमा चोट लागेका उहाँको वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ।

गत २०८० पुस ८ गते साँझ बाघले आक्रमण गरी पटेर्वा सुगौली -२ थरकट्टी गाउँका ३२ वर्षीय मनोज महतो उराँवको ज्यान लियो । साँझको समयमा शौच गर्न जानुभएका उहाँको शव क्षतविक्षत अवस्थामा बिहान फेलापरेको थियो । नेपाल प्रहरी र गाउँलेले जङ्गलदेखि करिब ५० मिटर टाढा बाघले मारेको अवस्थामा शरीरको केही भागमात्र फेलापरेको थियो।

सोमबार साँझमात्र पर्साको जिराभवानी गाउँपालिकाको वडा नं ४ मा बाघले पूर्व वडाध्यक्ष सुभाष राउतसहितका स्थानीयका बाख्रालाई बाघले आक्रमण गरेको छ । सोही गाउँपालिकाको वडा नं ५ हरैया पहाडीटोलस्थित राउतले पालेको चौपायालाई खोरभित्रै पसेर बाघले आक्रमण गरी मारेको हो । बाघले दुईवटा बाख्रालाई खोरमै मारेको र एउटा खसीलाई भने घिसारेर लगेको प्रहरी चौकी शङ्करसरैयाले जनाएको छ।

यस्तै गत फागुन १६ गते पर्साको पर्सागढी नगरपालिका-७ निवासी ललन यादवको गोठमा राखेका सातवटा बाख्रा मारेको बाघले सोही राति पर्सागढी -१ कोलाभार निवासी मायादेवी मोक्तानको गोठमा रहेको चार बाख्रा खाएको थियो । गत कात्तिक ८ गते जङ्गली हात्तीले आक्रमण गर्दा पर्साको पर्सागढी -१ निवासी एकवाल हजराको मृत्यु भएको थियो। सोही राति ती हात्तीले सो गाउँका एक दर्जन स्थानीयको घर भत्काएर अन्नबाली खाएको थियो।

विगत दुई महिनाको अवधिमा पर्साको पटेर्वा सुगौली, पर्सागढी नगरपालिका र जिराभवानी गाउँपालिकामा बाघ र हात्तीको आक्रमणबाट दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भएको र बाख्रा, गाई र भैंसी गरी तीन दर्जनभन्दा बढी पशुचौपाया मारेको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केसरीले जानकारी दिनुभयो।

पर्साका विभिन्न गाउँबस्तीमा बाघ, हात्तीलगायतका जङ्गली जनावरको आक्रमणबाट बर्सेनी सर्वसाधारणले ज्यान गुमाउँदै आएका छन् । जङ्गली जनावरको आक्रमणमा परी कतिपयको तत्कालै मृत्यु हुने गरेको छ भने कतिपयको तत्काल उपचार भए पनि घाउमा इन्फेक्सन भएर केही समयपछि पनि मृत्यु हुने गरेको छ।

पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वनजङ्गलबाट आउने बाघ, हात्तीलगायतका जङ्गली जनावरले मानवबस्ती पसेर मानवीय तथा पशुचौपायालाई क्षति पुर्याउनुको साथै गहुँबाली तथा तरकारीबाली नाली नष्ट गर्न थालेपछि स्थानीय बालीनालीको सुरक्षाका लागि राति जाग्राम बस्न बाध्य भएका छन्।

पर्साको जिराभवानी, ठोरी, पटेर्वा सुगौली, पर्सागढी र सखुवा प्रसौनी गाउँपालिकाका एक दर्जन गाउँका किसान जङ्गली जनावरबाट पीडित भएका छन् । वनजङ्गलबाट आउने चित्तल, हात्ती, हरिण, निलगाई, बँदेल, बाँदर, भालु, मयूरलगायतका जङ्गली जनावरले गहुँ, मकै, आलु, तोरीलगायतका बाली सखाप पार्ने गरेकाले जोगाउन जाग्राम बस्न बाध्य भएको ठोरी गाउँपालिकाका रञ्जित श्रेष्ठले बताउनुभयो।

राष्ट्रिय वनमा घेरबार नहुँदा दैनिकजसो जङ्गलबाट आउने जङ्गली जनावरले बालीनली नष्ट पार्ने गरेको श्रेष्ठले बताउनुभयो । खासगरी रातिको समयमा आउने जङ्गली जनावरले गहुँबालीमा व्यापक क्षति पुर्याउने गरेकाले क्षति न्यूनीकरणका लागि सो ठाउँमा मचान बनाएर रातिको समयमा निगरानी गरिरहेको जिराभवानी गाउँपालिकाका किसान शङ्कर महतोको भनाइ छ।

रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटका पड्काउने र अन्य जङ्गली जनावरलाई भगाउन टिन ठटाउने र होहल्ला गर्ने गरेको महतोले बताउनुभयो । स्थापनाकालदेखि नै पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनको जीवजन्तुले बर्सेनि उत्पात मच्चाँदै व्यापक धनजनको क्षति पुर्याउँदै आएकाले यसको नियन्त्रणको ठोस पहल गर्न नयाँ सरकारसँग स्थानीयले आग्रहसमेत गरेका छन्।

जङ्गली जीवजन्तुको उत्पातबाट आफूहरूको जीवन नै सङ्कटमा परेको छ, पटेर्वा सुगौली-२ का स्थानीय सुमन अधिकारी भन्नुहुन्छ, "कतिबेला जङ्गलबाट बाघ, भालु र हात्ती आउँछ र आक्रमण गर्छ भन्ने त्रासमा हामी बाँचिरहेका छौँ।" जङ्गली जनावरका कारण आफू न स्वतन्त्ररूपमा हिँडडुल गर्न सकिरहेका छौँ, न त निर्धक्क घरकै सुत्न पाइरहेका छौँ", उहाँको दुखेसो छ।

पटक-पटक जङ्गली जनावर नियन्त्रणका लागि स्थानीयवासीबाट माग उठ्दै आए पनि सरकारीस्तरबाट खासै कुनै पहल नभएको सुनाउँदै ठोरी गाउँपालिकाका रामबहादुर श्रेष्ठ भन्नुभयो, "हामीले जङ्गली जनावरको आतङ्क रोक्न धेरैपटक आवाज उठायौँ तर अहिलेसम्म हाम्रो समस्या समाधान भएन ।" बाघ, हात्ती, अर्ना, भालुलगायतका जङ्गली जनावरले दिउँसै आक्रमण गर्न थालेपछि आजित भएका स्थानीयवासीले त्यसको दीर्घकालीन समाधानका लागि सरकारलाई दबाब दिन र आफू पनि सक्रिय रहन जनप्रतिनिधिसँग समेत आग्रह गर्दै आएका छन्।

डिभिजन वन कार्यालय पर्साका प्रमुख हेमन्त साहले राष्ट्रिय वनजङ्गल आसपास क्षेत्रमा जङ्गली जनावरले आतङ्क मच्चाउँदै आएको स्वीकार्दै समस्या समाधानका लागि पहल गरिरहेको बताउनुभयो । बजेट तथा आवश्यक कानुन अभावका कारण समग्र जङ्गल क्षेत्रमा घेरबार गर्न नसकिएपछि जङ्गली जनावरले बढी क्षति पुर्याउने क्षेत्रमा ठूला खाल्डो खनेर तत्कालीन समस्या समाधान गर्न सकिने उहाँको भनाइ छ।

आफूहरूसँग बाघ व्यवस्थापनको उचित टोली नभएकालेसमस्या निरन्तर बढेकोउहाँकोभनाइछ। तर योसमस्या समाधानबारे आफूलेसम्बन्धित निकायमा पत्राचार गरेको जनाउनुभयो। "बाघको उद्धार गर्नेस्पेसल टोली चितवन राष्ट्रिय निकुञ्जमा छ", उहाँ भन्नुभयो, "त्यहीबाट टोली माग गरेका छौं। टोली आइसकेपछि बाघकोउचित व्यवस्थापन तथा उद्धारमा जुट्नेछौं।" पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका वार्डेन रामचन्द्र खतिवडाले मानवबस्तीमा बाघ पसेर मानवीय क्षति पुर्याउने कार्यप्रति आफू गम्भीर रहेको र तत्काल समस्याको समाधान खोज्ने प्रयास भइरहेको बताउनुभयो। रासस

# कञ्चनरुप नपाद्धारा दुई आवको प्रगति विवरण सार्वजनिक



**टुडे समाचारदाता**

राजविराज। सप्तरीको कञ्चनरुप नगरपालिकाले एक कार्यक्रमको आयोजना गरी दुई आर्थिक वर्षको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरेको छ। नगरपालिकाको वडा नं. २ बरमझिया स्थित कभर्ड हलमा बुधवार सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरी आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ को प्रथम चौमासिकसम्मको वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गरिएको छ।

'नगरवासीसँग नगरपालिका' नारा सहित शुरु गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधि, नगरपालिकाका सबै फाँटका प्रमुख तथा कर्मचारी, सुरक्षा निकायका प्रमुख सरोकारवाला निकाय, संचारकर्मीका साथै स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो। यसरी सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत वार्षिक कार्य प्रगति विवरण सार्वजनिक गर्ने कञ्चनरुप नगरपालिका जिल्लाकै पहिलो पालिका नगरप्रमुख ललन प्रसाद गुप्ताले बताए।

सो अवसरमा उनले नगरपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट नगर विकासका खाका र साझा संकल्प व्यक्त गर्दै भावी दिनमा गर्नु पर्ने थप कार्यहरुका लागि सहभागितासँग राय सुझाव समेत बटुले।

उनले नगरपालिकामा १५ शैयूयाको अस्पताल, शित भण्डारको निर्माण, गर्भवती र विपन्न समुदायसँग मेयर, सडक विस्तार लगायतका कामका साथै शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा विकास बजेटको अधिकांश रकम खर्चिएको बताए।

नगरपालिकाले स्वास्थ क्षेत्रमा गरेको उत्कृष्ट कार्य तथा व्यवस्थापनका कारण जिल्लामा प्रथम र प्रदेशमा तेस्रो स्थानमा हासिल गर्न सफल भएको बताउँदै उनले बजेट छरेर सिध्याउनु भन्दा हरेक वर्ष दुई चार वटा भए पनि अति आवश्यक र ठूलो संख्यामा नगरवासीले लाभ लिन सक्ने योजनामा पुग्ने बजेट विनियोजन गर्ने सोच अनुसार अघि बढेको र यसमा सबैको सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको बताए।

प्रमुख प्रशासकीय अधिकृत रामनारायण साहले दुई आर्थिक वर्षको प्रथम चौमासिक वार्षिक कार्य प्रगति विवरण प्रस्तुत गरे। प्रतिवेदन नगरपालिकाले २०७९/०८० मा १ करोड ४० लाख २९ हजार राजस्व संकलन गर्न सफल भएको उल्लेख गरिएको छ।

यस्तै २०८०/०८१ हालसम्ममा ४० लाखभन्दा बढी राजस्व संकलन गर्न सफल भएको प्रतिवेदन मार्फत जनाइएको छ। प्रतिवेदन अनुसार २०८०/०८१ का लागि कुल ७६ करोड ७० लाख २० हजार ६ सय ७८ रुपैयाँ विनियोजन गरिएकोमा हालसम्म विभिन्न शिर्षकमा गरी २८ करोड ३५ लाख ५२ हजार रुपैयाँ खर्च भएको छ। उनले न्यायिक समिति मार्फत परेको ४१ मुद्दा मध्ये ३३ वटाको न्याय सम्पादन कार्य सकिएको र न्याय सम्पादनमा समेत यो नगरपालिका अब्बल रहेको बताए।

उनले संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ नियकाय एवम् विभिन्न संघ संस्थाबाट उपलब्ध भएको स्रोतको उचित परिचान गरी विकास निर्माण र सुशासन समेतलाई गति प्रदान गरिएको बताए।

# अवैध सामग्रीहरु भन्सारमा पठाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । अवैध भन्सार छली गरी बरामद गरिएको विभिन्न सामग्री जनकपुरधाम स्थित भन्सार कार्यालयमा धनुषा प्रहरीले पठाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट परिचालन भएको गस्ति टोलीले एक लाख ४६ हजार ६ सय ५० रुपैयाँ मूल्य बराबरको अबैध सामग्री बरामद गरी भन्सार कार्यालय धनुषामा पठाएको छ।

नेपाल-भारत सीमावर्ती क्षेत्र हुँदै भारतबाट नेपाल तर्फ भन्सार छलर ल्याउँदै गरेको अवस्थामा लत्ता कपडालगायतका सर-सामग्रीहरु गरी बरामद गरिएको धनुषा प्रहरीले जनाएको छ।



सो सामग्रीहरु आवश्यक कारवाहीको लागि भन्सार कार्यालय जनकपुरधाम पठाएको जिप्रका धनुषाले जनाएको छ।

# एकडाराका वडाध्यक्ष र शिक्षक कारागार चलान

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको एकडारा गाउँपालिका- ४ का वडाध्यक्ष र एक शिक्षकलाई महोत्तरी जिल्ला अदालतले कारागार चलान गरेको छ।

महोत्तरी जिल्ला अदालतका श्रेस्तेदार नूतन झाले एकडारा गाउँपालिका- ४ का वडाध्यक्ष जीवछ्प्रसाद यादव र शिक्षक उमेशप्रसाद यादवलाई जलेश्वर कारागार चलान गरिएको जानकारी दिए।

कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, कुटपिट अंगभंग मुद्दामा वडाध्यक्ष यादवसहित आठ जनालाई अदालतले ६ महिना कैद तोकेको थियो।

सोही अनुसार वडाध्यक्ष जीवछ्प्रसाद यादव र शिक्षक उमेशप्रसाद यादवलाई कारागार चलान गरिएको उनले बताए। फरार रहेका अभियुक्तमध्ये उनीहरु दुवैजना अदालतमा हाजिर भएका थिए।

# आरती हत्या प्रकरणमा थप देवर साह पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । आरती साह हत्या भएको झण्डै १० महिनापछि जिल्ला प्रहरी कार्यालय धनुषाले थप एक जनालाई पक्राउ गरेको छ।

आरती साह हत्या प्रकरणमा जिल्ला हुदै सर्वोच्च अदालत सम्म सुनुवाई भइसककेको अवस्थामा बुधवार साँझ प्रहरीले जनकपुरका २७ वर्षीय रवि कुमार साहलाई पक्राउ गरेको छ। पक्राउ गरिएका साह मृतक साहकी देवर छन् । गत जेष्ठमा ७ गते आफ्नै घरमा झुण्डिएको अवस्थामा आरती मृत फेला परेकी थिइन । आरतीकी माईती पक्षले छोरीको हत्या गरेको भन्दै आरतीकी श्रीमान मोतिबाबु साह र ससुरा मदन मोहन साह विरुद्ध किटानी जाहेरी दिएका थिए। सो मुद्दामा जिल्ला अदालत धनुषाले आरतीका श्रीमान मोतिबाबु साह र ससुरा मदन मोहन साहलाई पूर्व पक्षका लागि थुनामा पठाएका थिए। तर उच्च अदालत जनकपुरधामले सोहीमा दुवै जनालाई साधारण तारेकमा छोडेको थियो।



पछि सर्वोच्च अदालते पनि सो मुद्दामा आरतीका पति मोतिबाबु साहलाई पूर्व पक्षका थुनामा र ससुरा मदन मोहन साहलाई १ लाख धरौटीमा छोडन आदेश गरेको थियो।

यता, बुधवार प्रहरीले रवि कुमार साहलाई पक्राउ गरेपछि आरतीका ससुरा पक्षले जिल्ला प्रहरी कार्यालय अगाडि नाराजुलस प्रदर्शन गरेको छ । जाहेरी समेत नपरेका व्यक्तिलाई प्रहरी पक्राउ गरिले आफ्नो परिवारमाथि अन्याय गरेको भन्दै उनीहरुले प्रहरी विरुद्ध प्रदर्शन गरेका छन् । प्रहरीले आफ्नो वाहीवाहीका लागि आफ्ना निर्दोष छोरालाई पक्राउ गरेको आरतीकी ससुरा मदन मोहन साहले आरोप लगाए । पक्राउ गरिएका साहलाई अविलम्व रिहा गर्नुपर्ने माग समेत गरेका छन्।

# नयाँ कार्यसमिति चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल क्षयरोग निवारण संस्था धनुषाको ११ औ साधारण सभा नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ । संस्थाका केन्द्रीय प्रतिनिधि राजकिशोर यादवको विशेष उपस्थितमा भएको साधारण सभाबाट ११ सदस्यीय धनुषा जिल्ला कार्यसमिति गठन गरिएको छ । समितिको धनुषा सभापतिमा पत्रकार सन्तकुमार कार्की, उपाध्यक्षमा मुस्लिम अगुवा नेता मोहम्मद असगर अली, सचिवमा श्रवण अचार्य ,कोषाध्यक्षमा किशोरी साह र सह-सचिवमा जमुना भुजेल रहेका छन्।

त्यसै गरी समितिको सदस्यहरुमा श्रवण कुमार साह, पत्रकार अशोक रौनियार, दिनेश शर्मा, रामचन्द्र साह (रामु), जनकपुरधाम उपमहानगरपालिका-१० का वडाध्यक्ष मिथिलेश कर्ण र भुनेश्वरी कार्की रहेका छन्।

# नगर अस्पताललाई ब्लाङ्केट प्रदान

**टुडे समाचारदाता**

कलैया । सिमरा महिला बचत तथा ऋण सहकारी संस्थाले मंगलबार जीतपुरसिमरा नगर अस्पताललाईनवजात शिशुलाई वितरण गर्नको लागि ब्लाङ्केट प्रदान गरेको छ। ११४औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सिमरा महिला साकोसका अध्यक्ष मुना खरेलले नगर अस्पतालका प्रमुख डा. प्रकाश साहलाई एक सय थान ब्लाङ्केट प्रदान गरेको छन् । संस्थाले हस्तान्तरण गरेको ब्लाङ्केट नगर अस्पतालमा जन्म लिने नवजात शिशुको अभिभावकलाई वितरण गरिनेछ । संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत ब्लाङ्केट बितरण गरेको जनाएको छ। संस्थाकी अध्यक्ष मुना खरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण सचिव गीता शर्माले गरेकी थिइन् । कार्यक्रममा उपाध्यक्ष भिमादेवी शर्माले स्वागत मन्तब्य राखेकी थिईन्।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कम समयमा प्रतिष्ठानले उदाहरणीय काम गरेको छ : रजिष्ट्रार यादव

विगत दुई वर्ष पूर्व मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रारमा डा. विनोदकुमार यादव नियुक्त भए । उनी रजिष्ट्रारमा नियुक्ति हुँदा देखिनै अञ्चल अस्पतालबाट स्तरोन्नति हुँदै प्रादेशिक हुँदै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन हुँदा अस्तव्यस्त रहेको अस्पताल अहिले सुधारोन्मुख अवस्थामा छ । अस्पताल भित्र प्रवेश गर्दैमा जथाभावी रुपमा रहेको सवारी साधनको पार्किङ्ग, अस्पतालमाथिको अविश्वसनीयता, प्रतिष्ठान भन्दा बढी निजी नर्सिङ्ग होम रुचाउने जस्ता चुनौतीको सामना गर्दै वर्तमान अवस्थामा ल्याएका छन् । अहिले प्रतिष्ठान दैनिक ६ सय देखि एक हजार विरामी दैनिक चेक जाँच गर्ने गर्छन् भने सामान्य समस्याका कारण लथालिङ्ग हुने गरेका कारण ती सामग्रीको व्यवस्थापन र सरसफाइ तथा कर्मचारीको समयमा आउने जाने लगायतका धेरै विषयहरुमा परिवर्तन आएको उनी दावी गर्छन् । यसै समसामयिक विषयमा केन्द्रित रही मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार **डा. विनोकुमार यादव** संग जनकपुर टुडेका लागि **संजीवकुमार झा**ले गरेको कुराकानीको सम्पादित अंश :



**प्र. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आएको दुई बर्ष भयो यस अवधिमा के–के गर्नुभो ?**

- दुई बर्ष हेर्दा खेरी धेरै कम समय लाग्छ तर, यो दुई वर्षमा हाम्रो अहिलेको जुन टिम छ टिम वर्कले गर्दा खेरी ५/१० वर्ष लाग्ने समयमा हुने काम भएको छ । हाम्रो वार्षिक प्रतिवेदन हेरेर बुझ्न सकिन्छ। हामीले जुन वार्षिक प्रतिवेदन प्रकाशन गरेका छौं त्यसमा ६० वटा भन्दा बढी काम भएको सार्वजनिक गरेका छौं । सवै भन्दा पहिलो उदाहरणको रुपमा हेर्ने हो भने यो अस्पतालको यही संरचनालाई यहि मेनपावरलाई थोरै बहुत मोटिभेट गरेर, रिक्वेस्टै गरेर यतिका सुधार हामीहरुले गरेका छौं । पहिले यसै अस्पतालमा आउँदा खेरी मान्छेलाई गेट देखिनै नाक थुनेर आउनु पर्ने अवस्था थियो । चारै तिरका ड्रेनेज लिकेज थियो, ट्वाइलेटहरु सिस्टमेटिक थिएन् त्यसलाई पहिलो प्राथमिकतामा राखेर त्यो पहिला ठिक गर्‍यौं, त्यो ठिक गर्नलाई एहिका जुन सरसफाइकर्मी छ नि त्यसलाई मोटिभेट गर्‍यौं एउटै कुरा हो उनीहरुलाई मायाले प्रेमले कुरा गरे, कुनै वेला हो काम गर्न आलटाल गरे हटाउन सकिन्छ भन्ने यस्तै उनीहरुलाई अरु ठाउँको उदाहरण देखाउँदै हामीहरुको तीन जनाकै टिम छन् नि दिन रात खट्या छौं । तपाई कुनै पनि स्वीपरलाई सोध्नुस फोहर भन्दा फोहर ठाउँमा उनीहरुको कान्धमा कान्ध मिलाएर काम गर्‍या छौं । उनीहरुलाई फिल भएको ए उहाँ डाक्टर भएर पनि हामीहरु संग खट्ने गरेका छन् । उनीहरुको मानसिकता परिवर्तन भएको छ । त्यस पछि पार्किङ्गका व्यवस्था सुरुमा धेरै समस्या भयो । सवैलाई यहाँ हतारै हुन्थ्यो । जाहाँ पायो त्यहि पार्क गरिदियो । पार्किङ्ग व्यवस्थापनकालागि हामीले थोरै कडा हुनु पर्‍यो । धेरै जनालाई हामीले जुर्वाना पनि तिरायौं । कति जनाको सवारीसाधनलाई कता कता फाल्ने काम पनि भयो । तर त्यो सवै हेर्दा खेरी यहि ठाउँलाई सवै जनाको साथ पाए पछि सवै जनाले हेर्‍यो यो टिम काम गर्ने लायक छ, यसमा हामीले पनि साथ दिनु पर्‍यो त्यसैले पार्किङ्ग पनि व्यवस्थापन भएको छ । यसमा सवैको इफोर्ट लागेको छ । हामीहरुले गर्दा खेरी यहाँ के गर्‍यो हेर्नुस केही ठूलो काम गरिएको छैन् खाली चिजलाई व्यवस्थापन गर्‍याछौं । यो ठाउँमा राख्न सक्ने सामान यो ठाउँमा राख्यौं, त्यो ठाउँमा राख्न सक्ने सामान त्यो ठाउँमा राख्यौं ।

**प्र. यो भन्दाका पहिलेका प्रशासकहरुले यति सम्म किन गर्न सकेन् ?**

- यो भन्दाका पहिलेकाहरुमाथि हामीले कमेन्ट गर्न त भएन् । सवैको आ-आफ्नो प्रायोडिटि हुन्छ । हाम्रो प्रायोडिटिमा के पर्‍यो भने हाम्रो यो प्रदेशको प्रतिष्ठान खोल्दा खेरी तीन वटा सर्भिस लेखिएको छ हेर्नुस । स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा र अनुसन्धान । हामीले स्वास्थ्य सेवा भयो भने नि स्वास्थ्य शिक्षा दिने ।

**प्र. तर, इमर्जेन्सीमा खासै सुधार भएको देखिएन् त ? सरसफाइको अवस्था त्यस्तै छ, डाक्टरको अवस्था त्यस्तै छ, नर्सहरुको पनि अवस्थामा फरक आएको छैन् भने जनताको गुनासो छ के भन्नु हुन्छ यसमा ?**

-तपाईको कुरा संग म सहमत छु । अहिले सवै कुरा हामीले भन्छौं एकदम्मै राम्रो गरिसके त्यो भन्न सक्दैनौ । हामी के भनिरहेका छौं पहिलेको भन्दा त पक्कै फरक भएको छ । आजको दिनमा जानुस एक वर्ष भन्दा पहिला एचडियु र इमर्जेन्सी संगै राखेको थियो त्यसलाई अहिले हामीले फूल एचडियू १० वेडको र ३५ वेडको इमर्जेन्सी चालु छ । अव हामीहरुलाई भन्नला मानौ कि एभरेज विरामी इमर्जेन्सीवाट रेफर हुन्छ, हमी संग देख्नु भो सर्जनको इक्सपोर्ट छैन् । हामीले त्यो व्यवस्था गर्न सक्या छैनौं, तर, छिट्टै ल्याउँछौ भने बाहिरबाट कस्तो देखिन्छ भने जनकपुरधामलाई स्वास्थ्यको हव मान्छौं मधेश प्रदेशका लागि । तर, हामीलाई पनि गार्‍हो छ कि सवै सेवा दिन सक्या छैनौ त । मान्छेलाई यहाँ के सोच हुन्छ भने कि हामीलाई प्राइभेट जस्तो सर्भिस हुनु पर्‍यो । कुनै पनि ठाउँमा विश्वको कुनै पनि सिस्टमले प्राइभेट भन्दा राम्रो सेवा सरकारीले दिन नसकेको अवस्था हो । अव यहाँ कुनै प्राइभेटको उदाहरण लिनु सरकारी जस्तो विरामीको चाप छैन् त, एक जना विरामी हुन्छ चार जना चारै तिरबाट आउँछ । उनलाई एकदम्मै स्याहार सुसार गर्छन् । हामी संग आउनुस कुनै समय वेड खाली हुँदैन् । हामी संग म्यान पावर त लिमिटेड छ कोठा, वेड त लिमिटेड छ अनि हामी संग स्टाफ सवै भन्दा बढी लिमिटेड छ के । हामीहरुले लगभग लगभग चार सय वेड चलाई रहेका छौ भने लेस देन फिफटी प्रसेन्ट कम स्टाफ छ । कसरी त्यसलाई प्राइभेट जस्तो सर्भिस दिन सक्छौं ।



**प्र. प्राइभेट जस्तो सेवा सुविधा दिन नसक्दा के गर्ने सरकारी अस्पतालहरुलाई बन्द गरेर प्राइभेट तिर जानु नै बेस होला तपाईको भनाइ अनुसार हैन् ?**

- हेर्नुस सरकारी अस्पताल त कुनै बेला पनि बन्द हुँदैन् । बन्द भयो भने देशै बन्द हुन्छ के । त्यो पनि हामीले बुझ्नु पर्छ ।

**प्र. जनतालाई सेवा सुविधा दिन सक्दैन् भने बन्द गर्नुनै बेस होला नि त ?**

- सेवा सुविधा दिन नसकेको हो नभन्नुस । जस्तो तपाईले भन्नु भयो नि हामी संग विद्यार्थी छन् दुई वर्ष पछि हामी सरकार संग कर्मचारी माग्दैनौं । किन भने यि विद्यार्थीहरु फिल्डमा काम गर्न आउन थालेपछि हामीलाई कामगर्नेहरुको खाँचो हुँदैन् । अहिले त हाम्रो फष्ट व्याच हो भने आउने वितिकै विद्यार्थीलाई कसरी काममा लगाइदिने । काममा लगाउनकालागि उनीमा दक्षता हुनु पर्‍यो र त्यो अन्तमा आएर हुन्छ । यसपालि सात जना इन्डोरको सिट आउँदैछ तीन जना पहिला देखि छ तपाई अहिले पनि कसैलाई सोध्नु हुन्छ भने प्रसूति सेवामा पहिला भन्थ्यो नि डाक्टर भेट्दैन्, हामीहरुले एक वर्ष देखि एउटा कम्पलेन आउन दिएका छौनौं कि त्यो फ्लोरमा डाक्टर छैन् भनेर । भयो के त दुई जना हामी संग थियो पढ्ने, त्यो त २४ घण्टा हुनेनै भयो र अहिले हामीले कम्पलसरी गर्‍या छौं २४ घण्टा एक जना कन्सल्टेन्ट हुनै पर्छ भनेर । कसरी मिलाउने त्यो डिपार्टमेन्टलाई छोड्दियाछौं । निष्चित रुपमा भोली हामीलाई अरु विभागमा जव पिजीको विद्यार्थी आउँछन् नि एमडि एमएस गर्ने उ कहा जान्छ उ सिक्न आएको हो नि त विरामी संग सिक्ने हो नि । सव भन्दा ठूलो कुरा त्यो हो के । ति विद्यार्थीहरु त्यहाँ हुन्छ नै र त्यसले उसलाई टिचर पाएको हुन्छ । उसलाई कुनै समस्या भयो भने त्यसले टिचरलाई सम्पर्क गर्छ । त्यो टिचरको जिम्मेवारी हुन्छ त्यो वेला टिचर भनेको डाक्टरै हो । उसलाई आउनै पर्छ त्यो वेला त्यो उसको जिम्मेवारी हो । अव आयो स्नातकको विद्यार्थी यसलाई फोर्थ इयरमा गएर हामी होस्पिटल पोष्टिङ्गमा राख्छौं ।

अनि त्यहा के डिपेन्ड के गर्न भने त्यस वेला त अटोमैटिक प्राइभेट जस्तो व्यवहार पाउन थाल्छ त । टिचिङ्गमा के छ र ? मोरदेन फिफ्टी प्रसेन्ट विद्यार्थी छ । म त त्यहिको मान्छे हो मलाई त सवै थाहा छ नि त्यहा मोरदेन फिफ्टी प्रसेन्ट विद्यार्थी छ । दुई सय स्टुडेन्ट छ प्रति इयर नयाँ भर्ना । टिचिङ्गको हरेक सेक्टरमा विद्यार्थी हुन्छ । त्यस्तो सेवाका लागि हामीले कम्तीमा दुई बर्ष त कुर्नु पर्‍यो नि त । त्यो वेला हामीलाई सरकार संग त्यति नत गुनासो हुन्छ नत हामी कर्मचारी माग्छौं । हामीले सर्भे गरेर सरकारलाई दिएका छौं त्यो लेभेलको यदि व्यवस्थापन भयो भने कुनै पनि गुनासो कहिल्यै आउदैन् । हेर्नुस स्वास्थ्य यस्तो सेक्टर हो जहाँ विरामीको वेडको रेसियोमा स्टाप दिने हो नि त । आइसियु चलाउँछौं, आइसियुमा एउटा विरामीलाई त फिक्स छ नि एउटा नर्समा कति विरामी दिने ? त्यो दिएन भने सर्भिस राम्रो छ भन्न त पाइएन हामीले । इमर्जेन्सीमा हामीहरुलाई हामीहरु फूल पिरियड नर्स दिन सक्या छैनौं । हामीले भन्छौं इमर्जेन्सी सुधार भएन भने भन्न मिल्यो त ?

**प्र. मधेश स्वास्थ्य विज्ञान प्रष्ठिानमा आवद्ध भएका डाक्टरहरु कति घण्टा कम गर्छन् ?**


- मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र अस्पतालका डाक्टरहरुमा हामीहरुले भेदभाव गरेका छैनौं । किन भने दुईवटैलाई हामीले एउटै वकेटमा राखेका छौं । कसैलाई पनि अलग प्रकारको व्यवहार गरेका छैनौं त । नियम अनुसार सवै जनाले हप्ताको ४२ घण्टा पर्‍यएकै छ । बसेकै छ उहाँहरु ।

**प्र. डिउटी आवर पर्‍याएकै छ, बसेकै छ तर काम गरेका छैनन् किन भने त्यो समयमा त उनीहरु आफ्नो निजी क्लिनिकमा हुन्छ नि त ?**

- अव सवै चिजलाई हामीले मात्रै मोनेटरिङ्ग गरेर त भएन् । हामी पनि गरिरहेका छौं गरेका होइन् । एक चोटी मौखिक वार्निङ्ग दिइ सकेका छौं ।त्यसमा हामी थोरै नागरिक समाजको सहयोग माग्छौं । अव कस्तो हुन्छ भने मान्नु न हामीले पुलिस सर्भिस त छ नि यहाँ तै पनि चोरी त भएकै छ, डकैती भएकै छ, मान्छेलाई मारेकै छ । भने कति हद सम्म हामीले गर्ने, उहाँहरुले सर्भिस नगरेको भए हाम्रो अस्पतालमा प्रत्येक दिन ६ सय देखि हजार विरामी कस्ले हेरदिया छ । कुनै डाक्टरलेनै हेर्या छ नि । हाम्रो सवै भन्दा ठूलो कुरा के हो भने यो अस्पतालमा त सरकारी अस्तरमा यस्तो छ जहाँ कन्सल्टेन्टले मात्रै ओपिडी हेर्‍या छ । अरु अस्पतालमा जस्तो छैन् कन्सल्टेन्ट । सवै जनाको आवश्यकता छन् धेरै तर वर्तमान जनशक्तिले त्यो फूलफिल गर्न सक्दैनौ । जो सरकार संग सुरुमा माग्या थियौं । सवैलाई एक्कै चोटी चार सय प्रसेन्ट सैलरी बढाइ दिनुन भनेर सरकार समक्ष प्रस्ताव गर्‍या थियौं । डाक्टरको सैलरी कम्तिमा दुई लाख गरदिउ । सवैलाई सैलरी एउटा स्टेण्डरमा दिउ भने उनीहरु बाहिर प्राइक्टीस गर्दैन् । वेसिक निड त पूरा हुनु पर्‍यो ।

**प्र. वेसिक निड पूरा भएन भने नोकरी छोडेर जाँदा हुन्छ नि त ?**

- यो कुरा एउटा एडभोकेसीकोलागि धेरै राम्रो छ । सवै कुरा सही हो । तर, जहिले पनि के हुन्छ भने कुनै पनि ठाउँमा एउटा चिमा मात्रै एवस्युलुट खोजेर हुन्छ त । डाक्टरी सेवामा एवस्युलुट खोज्ने अरु चिजमा एवस्युलुट नखोज दिने भएन नि त । कस्तो हुन्छ भने अहिले तपाईले भनेको जस्तो समान्य रुपमा हुँदैन् । म तपाईलाई भन्छु कहिले काही किन चुप बस दिन्छौं भने संघीय सरकारको नियम एक चोटी मलाई लाग्छ दुई वर्ष अगाडि एक स्वास्थ्यकर्मी एक स्थान चुज भनेर आयो । निर्णय पास गर्‍यो नीतिमा आयो सरकारको कार्यान्वयन भयो त ? के भन्या छ भने एउटा स्वास्थ्यकर्मी एक ठाउँमा काम गर्ने । त्यसको लागि सरकारले व्यवस्था गर्ने कुरा भनेको थियो । यसको मतलव यो होइन कि तपाई डिउटी आवरमा डिउटी छोडेर बाहिर जानुस भनेर भनेको छैन् । आफ्नो डिउटी मिलाएर बाहिर जाओस । अव तपाई भनेको कुरा संग पनि सहमत छु म नभएको होइन् तर पनि उनीहरुलाई हामीले मौखिक रुपमा आह्वान गरिरहेका छौं । यसमा हामी तपाई सवैको साथ चाहियो, नागरिक सामाज छ, तपाई हाम्रो पत्रकार मित्र छन् , मिडियाका साथिहरु छन् । आज सम्म धेरै कम भएको छ तर, कति जना मिडियाका साथीले कति जनालाई हाइलाइट गर्‍दियो ? यो डाक्टरको डिउटी अस्पतालमा छ तर अहिले निजी क्लिनिकमा त निजी अस्पतालमा काम गर्दैछन् ?



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### चीनको राजनीति

छिमेकी मुलुक चीनले दक्षिण एशियाली देशहरुमा प्रभुत्व जमाउन राजनीतिक मामिलामा सोझो हस्तक्षेप गर्दै अएकोछ। त्यसमा नेपाल पनि पर्छ । नेपालमा सत्ताका लागि गठबन्धन बनाउनेदेखि वामपन्थी दलहरुलाई सत्ताको वरिपरि राख्न सकृय भूमिका चीनले निर्वाह गर्दै आएकोछ। पछिल्लो पटक नेपालमा भएको गठबन्धन र सत्ता समीकरणमा चीनको महत्वपूर्ण भूमिका रहेको छ। चीनले लामो समयदेखि माओवादी, एमाले लगायतका वाम दलहरुलाई एउटै थलोमा राख्न प्रयास गर्दै आएको थियो। कांग्रेस सहितको गठबन्धन भत्काएर एमालेसित गठबन्धन गर्न प्रधानमन्त्री प्रचण्डमाथि चीनले दवाव बनाएको देखिन्छ । चीनले नेपाली नेताहरुको कमजोरीलाई राम्ररी बुझेको छ। माओवादीका उपसचिव वर्षमान पुन बिरामी भएर चीनमा उपचार गराइरहेका थिए। उनी चीनमा उपचार गराउने क्रममा माओवादीलाई एमालेसित मिलाउने प्रयास पनि थालेका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)लाई समेत उनले अनुकूल अवस्थामा प्रयोग गर्न सक्ने देखिन्छ। रास्वपाका अध्यक्ष रवि लामिछाने पछिल्लो समयमा चीनसितको सम्बन्धलाई निकट बनाएका थिए। प्रचण्डले सत्ता साझेदार फेर्नु अपराध होइन्। हुनत राजनीतिमा यस्ता विषयलाइ अब सामान्य मानिन्छ । छिमेकी भारतमा पनि दल बदल र गठबन्धन गर्न दलहरु निर्णय फेरिरहन्छन् । नेपालमा त सामान्य प्रकृया नै भएको छ। १४ महिनामा नै तीन पटक गठबन्धन भत्काउने र बनाउने काम भएकोछ। गठबन्धन भत्किदा असन्तुष्ट पक्षले तथानाम गाली दिए पनि गठबन्धन हुँदा चोख्याउने गरिन्छ। ४ दिन पूर्व हात मिलाउन समेत नचाहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले नेकपा एसका अध्यक्ष माधव कुमार नेपालको घरमै पुगेर सरकारमा सहभागी गराउन फकाएका छन्। ओलीको प्रस्ताव नेपालले मानिसकेकाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत लिन कुनै प्रकारको जोखिम छैन्। चीनको चाहना अनुसार गठबन्धनमा हेरफेर भए पनि आम नेपालीले राहत महसुस गर्नुपर्छ । देशको आर्थिक अवस्थामा सुधार आवश्यक छ । विदेशिन बाध्य भएका युवाहरुलाई स्वदेशमै रोजगारी दिन पनि अति जरुरी छ। विकास निर्माणका कामहरुलाई ठोस रुपमा अगाडि बढाउनु पर्छ । आमनागरिकका लागि सत्ता परिवर्तन भन्दा स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा सहज पहुँच र स्तरीय सेवा पाउनु पर्छ । एउटा गठबन्धन भत्किएर अर्को गठबन्धन हुँदा आकाशबाट तारा पनि झर्ने होइन् । एमालेसित मिलेर सरकार चलाउँदा प्रचण्डले विकासको मूल फुटाउनेपनि होइन्। राष्ट्रियताको रक्षा गर्दै देशमा विदेशीको चलखेलमा नफस्ने प्रयास प्रधानमन्त्री प्रचण्डले गर्नुपर्छ । स्वतन्त्र नेपाललाई नेपाली नेताहरुले नै विकास गर्ने छन्।

# विकास कार्यमा अवरोध पुऱ्याउने सोच

श्रीमननारायण

वैदेशिक लगानीको रङ्ग तथा स्थान हेर्ने, ऊर्जा सम्झौतामा राष्ट्रवाद हेर्ने, रोजगारमा आत्मसम्मान हेर्ने, मित्र राष्ट्रहरुले अनुदान सहयोग दिन खोज्दा त्यसलाई रोक्न जुलुस नारा गर्ने, अदालतसम्म पुग्ने, छिमेकी राष्ट्रले नेपालको आर्थिक विकासमा कोशेढुङ्गे सावित हुने खालका सम्झौता गर्दा त्यसको पनि विरोध गर्ने र त्यसलाई रोक्न अदालतसम्म पुग्ने तर एउटा खास छिमेकीको ऋण स्वीकार गर्न पनि मरिहत्ते गर्ने प्रवृति रहुन्जेलसम्म नेपालको प्रगति सम्भव छैन । नेपाल सरकारको सचिव जस्तो गरिमामय पदवाट अवकाश प्राप्त गरेका व्यक्ति पनि नेपालको आर्थिक विकासको विपक्षमा उभिनुलाई जायज ठान्दछन् भने त्यो देश कसरी प्रगति र्न सक्दछ ? घोषित रुपमा ज्ञढ घण्टा सम्म लोडसेङ्गिगको दुःखद अवस्थावाट गुज्रेको नेपाल अँध्यारोबाट उज्यालोमा आएको कुरा कतिपय नेपाली बुद्धिजिवी अवकाश प्राप्त उच्च पदस्थ कर्मचारी राजनीतिज्ञ कथित विश्लेषकहरुलाई पनि मन परेको छैन । उज्यालोले नाना थरिका अन्धायारोलाई हटाउने गर्दछ, त्यसमा राष्ट्रवादको संकिर्ण नारा, पुर्वाग्रही नारा, एउटा खास छिमेकीको विरोधमा उत्रिने र अर्को छिमेकीको पक्षमा डटेर वकालत गर्ने पाखण्डपनलाई पनि विकासरुपी प्रकाशले हटाउने काम गर्दछ।

गएको पौष ज्ञढ गते नेपाल र भारतबीच दीर्घकालीन विधुत व्यापार सम्झौता भएको हो। भारतले आउँदो ज्ञण वर्षमा नेपालबाट ज्ञण हजार मेगावाट विजुली खरिद गर्ने भएको छ । नेपालले भारतलाई यो बिजुली सितौमा, दानमा अथवा अनुदान स्वरुप दिन गई रहेको छैन, विक्री गरि रहेको छा बिक्री गरेवापत पैसा कमाउने छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले साढे ढ वर्ष अघि पहिलो पटक नेपाल भ्रमणमा आउँदा नेपालको ऊर्जा विकासमा भारतले सहयोग गर्न चाहेको बताएका थिए । उनी नेपालबाट फर्केर गएपछि नेपाल भारतबीच ऊर्जा व्यापरा तथा ऊर्जा विकास सम्झौता भएको थियो ।

> गएको पौष 19 गते नेपाल र भारतबीच दीर्घकालीन विधुत व्यापार सम्झौता भएको हो। भारतले आउँदो ज्ञण वर्षमा नेपालबाट 10 हजार मेगावाट विजुली खरिद गर्ने भएको छ। नेपालले भारतलाई यो बिजुली सितौमा, दानमा अथवा अनुदान स्वरुप दिन गई रहेको छैन, विक्री गरि रहेको छा बिक्री गरेवापत पैसा कमाउने छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले साढे 9 वर्ष अघि पहिलो पटक नेपाल भ्रमणमा आउँदा नेपालको ऊर्जा विकासमा भारतले सहयोग गर्न चाहेको बताएका थिए। उनी नेपालबाट फर्केर गएपछि नेपाल भारतबीच ऊर्जा व्यापरा तथा ऊर्जा विकास सम्झौता भएको थियो। नेपाललाई बिजुली दिने हिउँदमा भारतले नेपाललाई र नेपालले वर्षायाममा भारतलाई बिजुली दिने कामको थालनी भएको र नेपालबाट लोडसेङ्गिगको अन्तयको थालनी भएको थियो।

नेपाललाई बिजुली दिने हिउँदमा भारतले नेपाललाई र नेपालले वर्षायाममा भारतलाई बिजुली दिने कामको थालनी भएको र नेपालबाट लोडसेङ्गिगको अन्तयको थालनी भएको थियो। हाल नेपालले भारतमा बिजुली विक्री गरेर वार्षिक अरबौं रुपैया कमाई रहेको छा निकट भविष्यमै यो खर्बौमा पनि पुग्न सक्ने नेपाललाई ऊर्जा विकास भएको हेर्ने नचाहने एउटा ठूलो जमात पनि यहाँ सक्रिय रहेको छ । नेपाल र नेपालीको विकास भन्दा पनि उत्तरी छिमेकी चीनको चिन्ताबाट चिन्तित राष्ट्रवादीहरुले विगतमा एमसीसीको विरोध गरेका थिए भने अहिले भारतसंग भएको ऊर्जा सम्झौताको विरोध गरिरहेका छन् ।

सरकारले भारतसंग गरेको दीर्घकालीन विधुत व्यापार सम्झौतामा प्रश्न उठउदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले यसलाई संविधान, सन्धि ऐन विपरीत भएको दावी गर्दै यसको कार्यान्वयनमाथी रोक लगाउन सर्वोच्च अदालतमा मुद्दा गरेका हुन् ।

अनौपचारिक रुपमा प्राप्त सम्झौताको अध्ययन गर्दा यो नेपालको संविधानको धारा द्दठ (द्द) अन्तर्गत पर्ने भएको हुँदा । सो प्रकृया पूरा गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने मांग उनले गरेका हुन् । धारा द्दठढ (द्द) को प्रकृया पूरा नगरी लागू हुने सम्झौता उत्प्रेषणको आदेश बदर गरि पाउँ भने माग गरिएको छ। संविधानको धारा द्दण्ठढ (द्द) प्राकृतिकस्रोत र त्यसको उपभोगको बाँडफाँटसंग सम्बन्धित भएकाले संसदमा व्यापक छलफल गरेर मात्र सम्झौता कार्यान्वयनमा लैजान माग गरिएको छ।

सम्झौताका व्यवस्थाहरु अन्तराष्ट्रिय सन्धि सम्झौतामा भएका मूल्यमान्यता भियना कन्भेन्सन अनुसार अनुकुल र संगतपूर्ण देखिन्छ, देखिदैन भन्ने सवालको निराकरण हुनुपर्ने देखिएकाले दुई भन्दा धेरै न्यायधिशले निर्णय दिनुपर्ने आदेशमा उल्लेख भए बमोजिम फाल्गुण द्दढ गते देखि यस विषयमा पूर्ण सुनवाई शुरु हुनेछ।

अमेरिकाले नेपाललाई अनुदान सहयोग दिदाँ त्यसको विरोधमा सडकजाम गर्ने, पुतला जलाउने संसदमा अवरोध खडा गर्ने र अदलतमा जाने काम भयो । भारतले नेपालको ऊर्जा विकासमा सहयोग गर्न खोज्दा त्यसलाई रोक्न अदालतमा जाने काम भएको छ । सरकारले आउँदो वैशाखमा लगानी सम्योजनको आयोजना गर्दैछ। अवस्था यही रही रहयो भने एक खास देश वाहेक विश्वका कुनै पनि देशका लगानीकर्ता नेपालमा किन आउने ? वि.सं.द्दण्छण सालमा अरुण तेस्रो जलविधुत परियोजनाको निर्माण गर्न एसियाली विकास बैकले सहयोग गर्ने भएको थियो तर त्यतिबेला नेकपा एमालेले भने अरुण आए नेपालको राष्ट्रियता गुम्ने भएकोले चर्को विरोध प्रदर्शन गरेको थियो, पानि र बिजुलीलाई राजनीतिको हतियार बनाइयो। देशले ज्ञढ घण्टासम्म लोडसेडिङ्गि (राजधानीमा) सहनुपऱ्यो । एक डेढ दशक सम्म नेपाललाई अँधयारोमा राखेर कथित राष्ट्रियतालाई बलियो बनाउने काम भएको थियो । आज तिनै कथित राष्ट्रवादीहरुका कारण नेपालका लाखौं युवा र युवतीहरु रोजगारी तथा अध्ययनका लागी विदेश जान वाध्य भएका छन् रोजगारमा गएकाहरु मध्ये कतिपयले अनाहकमा अकाल मृत्यु वरण गरिरहेका छन भन्ने कतिपयको पारिवारिक र वैवाहिक जीवन तहसनहस भएका छन् । राष्ट्रवादी को खोक्रो नाराले जनताका आधारभूत आवश्यकतालाई पूरा गर्दैन ।

आर्थिक रुपले सम्पन्न देशको राष्ट्रियता स्वतः नै बलियो हुन्छ। अमेरिका, चीन, रुस, जापान, भारत र फ्रान्सको राष्ट्रियता खतरामा हुदैन। कुनै पनि देश एकै रातमा विकसित भएको हुदैन । त्यहाँका राजनीतिक दल नेता, जागरुक जनता र बुद्धिजिवीहरुको विकास प्रतिको समर्पणले नै देशलाई प्रगतिको पथमा दौडाउने गर्दछ।

नेपालमा जलस्रोतको विकासको कुरा गर्दा, भारतसंग सम्झौता गर्दा हामी ठगिने होकि, हाम्रो स्वाभिमानमाथि असर पर्ने होकि, हाम्रो राष्ट्रियता कमजोर हुने हो कि ? भन्ने नानाथरीका विषय चर्चामा ल्याउने गरिन्छ, यसका पछाडी मुख्य रुपमा देशी विदेशी विद्युत माफियाहरुको हात रहेको हुन्छ यस्ता विद्युत विद्युत माफियाहरुले देशका कतिपय राजनीतिक दलका नेताहरुलाई समेत आफ्नो प्रभावमा पारेका हुन्छन् र बेलाबखत तिनको उपभोग गर्ने गर्दछन् । यस्ता विद्युत माफियाहरुले देशका कतिपय राजनितिक दलका नेताहरु कतिपय बहुजिबी केही मिडियाकर्मीहरुलाई समेत आफ्नो प्रभावमा पारेका हुन्छन् र बेलाबखत तिनको उपभोग गर्ने गर्दछन् । नेपालमा यस्ता अनेकौं झोले ऊर्जा निर्माण कम्पनीहरु छन् जो राजधानीका केही होटेलहरुमा गोष्ठी गर्दछन र आफ्नो औचित्य सावित गर्न खोज्दछन्। नेपालमा ऊर्जाको विकास होस भन्ने चाहना यस्ता कम्पनीहरुको हुदैन यथार्थमा यिनीहरु विकासका विरोधी हुन् ।

गरिबी एंव बिजुलीको खपत बीच गहिरो सम्बन्ध हुन्छ, जुन ठाउँमा विजुलीको खपत बढी हुन्छ, त्यहाँ गरीबी अन्तय हुने अवस्थामा पुगिसेको हुन्छ तर जहाँ बिजुलीको अभाव हुन्छ, त्यहाँ गरीबी व्याप्त रहेको मानिन्छ । नेपालले दुवै छिमेकी राष्ट्रसितको व्यापारमा ठूलो घाटा भोग्दै आएको छ।

दक्षिणी छिमेकी भारतसितको व्यापार घाटालाई कम गर्न हामीले ऊर्जाको अत्याधिक उत्पादन गरेर त्यहाँ बिक्री गरे पश्चात मात्रै व्यापार घाटालाई कम गर्न सक्नेछौं, नेपालमा विधुत उत्पादन शुरु भएको एकसय वर्षमा पनि नेपालले आफ्नो आवश्यकता पनि पूरा गर्ननसक्नु दूर्भाग्यपूर्ण हो । भारतसित विधुत विकास र विधुत व्यापार सम्झौता नभएको भए हाम्रो देशमा अहिले पनि चर्को लोडसेडिङ्कै अवस्था रहने थियो।देशको आर्थिक विकासको गतिमा अवरोध खडा गर्नु उचित होइन। राष्ट्रियता भने विषय झोलामा राखेर खरिद विक्री गर्ने होइन । एउटा आत्मनिर्भर र सम्पन्न देशमा राष्ट्रियताको राजनीतिक मुद्दा हुदैन ।

देशबाट गरीबी बेरोजगारी र महंगीको अन्त्य नगर्ने हो भने देशको राष्ट्रियतामाथी सधैनै खतरामा रही रहनेछ । तीन दशक चार दशकसम्म नेपाल सरकारको उच्च पदमा बसेर काम गरेका नेपाली जनताले तिरेको करबाट तलब भत्ता खाएकाहरुले देश र जनताको विकासमा सहयोगी सावित हुनुपर्नेमा विकास कार्यको विरोधमा उभिनु दूर्भाग्यपूर्ण हो यसले वैशाखमा हुने वैदेशिक लगानीको आयोजनामा पनि प्रतिकुल प्रभाव पार्न सक्ने छ।

# राजनीति 'बाउ' हो भने प्रशासन 'आमा'

मधुसूदन पन्थी

कहिले कसले भन्यो भन्ने ठ्याक्कै याद भएन, ती विश्लेषकले भन्दै थिए– 'सामान्य प्रशासन मन्त्रालय खसी-बजार हो । जहाँ नेताहरूले छानी-छानी मोलमोलाइ गरेर चिल्ला खसी लैजान्छन् ।' प्रशासनमा भएको बेथितिलाई प्रस्तुत गर्ने योभन्दा कडा प्रतीकात्मक व्यंग्य अरु नहोला। मन्त्रालयका सचिवहरूदेखि वडाका सचिवहरू समेत फुटबलझैं यता-उता दौडाइएको यथार्थ हेर्दा यो भनाइ ठिकै हो जस्तो पनि लाग्छ।

हाल नेपालका ७५३ स्थानीय तहमध्ये दुई सयभन्दा बढी निमित्तका भरमा चलेका छन् । मधेस प्रदेशमा सबैभन्दा बढी स्थानीय निकाय प्रमुखविहीन छन् । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत र राजनीतिक प्रतिनिधिबिच भएका द्वन्द्वका कारण पनि स्थानीय तह र वडाहरू खाली भएका हुन सक्छन् तर त्यसमा अन्य सहायक कारण पनि होलान् । बेलाबेला स्थानीय तहका प्रमुख र कार्यकारीका बिचमा द्वन्द्व मात्र होइन, हात हालाहालको स्थिति समेत भएको समाचार समय समयमा मिडियामा पनि आउँछन् ।

'काले काले मिलेर खाउँ भाले' भन्ने सिद्धान्त अपनाएका ठाउँमा तथा सिस्टमपूर्वक काम भएका ठाउँमा विवादका कुरा बाहिर खासै आउँदैनन्। राजनीति र प्रशासनका आ-आफ्नै सीमारेखा छन् । ती सीमारेखा नबुझ्ने र बुझेर पनि एक-अर्काको कार्य क्षेत्रमा हस्तक्षेप गर्न खोज्दा पनि त्यस्ता समस्या निम्तिएका देखिन्छन् । म जान्ने-सुन्ने छु, उत्कृष्ट भएर छानिएर आएको हुँ भन्ने सर्वेसर्वावादी सोच केही कर्मचारीमा देखिन्छ।

कतिपय नेतामा लुई चौधौंको जस्तै 'म नै राज्य हुँ' भन्ने सोच समेत देखिन्छ । सिंहदरबारको रोग गाउँका सिंहदरबारमा समेत छिरिसकेको छ । गाउँका सिंहदरबारमा 'चन्द्र शमशेर' जन्मन थालेको तीतो यथार्थ समेत अर्कोतिर छ। कानुन थिचेर काम गरे 'हिरो' बनेको महसुस गर्छन्, अधिकांश नेताहरू।

कर्मचारीहरू राजनीतिक कित्तामा विभाजन भएपछि अर्को राजनीतिक विचारको व्यक्ति वा दल सत्तामा आउँदासाथ स्वाभाविक रूपमा द्वन्द्व चलिहाल्छ। कर्मचारीले राजनीति गर्दाको परिणाम पनि हो, सचिवदेखि स्थानीय कार्यकारीसम्मको 'खसी बजार मेला' ।कर्मचारी प्रायः प्रक्रियामुखी हुन्छन्, उनीहरूलाई नियम-कानुनको डर हुन्छ । नेतालाई नियम कानुन जसरी मिलाएर भए पनि परिणाम र काम चाहिएको हुन्छ। कर्मचारीलाई परिणाममुखीभन्दा प्रक्रियामुखी भए भन्ने आरोप पनि लाग्ने गर्छ। त्यो आरोप मात्र होइन, सत्य पनि हो । हरेक कर्मचारी हस्ताक्षर गर्नुभन्दा पहिला निधार खुम्चाउँछ, सिलिङतिर फर्कन्छ, कपाल कन्याउँछ तर नेताले धेरै सोच्दैनन् ।

बहुचर्चित बालुवाटार जग्गा हिनामिना प्रकरणमा कर्मचारी फसे तर नेता उम्के । नेताहरूले हस्ताक्षर गर्नुपर्दैन । हस्ताक्षर गर्ननपर्ने ठाउँमा कानुनी रूपमा फस्ने सम्भावना अत्यन्तै न्यून हुन्छ। नेताहरूले कर्मचारीलाई गैरकानुनी काम गर्न दबाब दिने गरेका कारण पनि द्वन्द्वको अवस्था सिर्जना भएको देखिन्छ।

वास्तवमा कर्मचारीको पेसा 'ह्वाइट कलर जब' हो । सेतो सर्टमा दाग लागेको राम्रो होइन । तर यहाँ अधिकांश कर्मचारी राजनीतिका आडमा 'सुपर' बन्न कुँदिरहेका छन् । कर्मचारीहरू राजनीतिक कित्तामा विभाजन भएपछि अर्को राजनीतिक विचारको व्यक्ति वा दल सत्तामा आउँदासाथ स्वाभाविक रूपमा द्वन्द्व चलिहाल्छ । कर्मचारीले राजनीति गर्दाको परिणाम पनि हो, सचिवदेखि स्थानीय कार्यकारीसम्मको 'खसी बजार मेला' ।

भनिन्छ, राजनीति र प्रशासन दुवैको लक्ष्य र उद्देश्य वास्तवमा जनहित र जनताको सेवा नै हो। सेवा आफू र आफ्नाको गरे कि देश र जनताको गरे भन्ने आफ्नै ठाउँमा छ। सैद्धान्तिक तथा दार्शनिक रूपमा हेर्ने हो भने यी दुवै (राजनीति र प्रशासन) देश र जनताका लागि हुन् । राजनीति सबै नीतिहरूको मूल नीति हो अनि देशका सबै नीति मूलतः राजनीतिक तहबाटै बन्ने भएकाले यसलाई मुख्य मानिन्छ।

प्रशासन राजनीतिभन्दा माथि हुँदैन भन्ने मान्यता छ । राजनीतिक तहबाट देशका नीति तथा कार्यक्रम तय हुन्छन् । प्रशासनिक तहबाट त्यसलाई कार्यान्वयनमा लगिन्छ । वास्तवमा जनतालाई लोकतान्त्रिक व्यवस्थाको स्वाद चखाउने पनि कर्मचारी नै हुन्छ। कर्मचारीले जनताको घरदैलीमै पुगेर सेवा प्रवाह गर्छन्। वास्तवमा राजनीति (नेता)ले राज गर्ने हो भने प्रशासनले शासन गर्ने हो।

कुनै पनि देशको शासन त्यो देशको कर्मचारीतन्त्रभन्दा राम्रो बन्न सक्दैन । त्यसैले कर्मचारी प्रशासन सबल, सक्षम, निष्पक्ष, जनमुखी हुनुपर्छ । यो 'जनताको दुःखसुखको साथी' बन्न सक्यो भने जनताले सरकार भएको अनुभूति गर्न सक्छन्, तर त्यस्तो कर्मचारी संयन्त्र बन्नका आवश्यक धेरै सर्तमध्ये राजनीतिक प्रभावहीनता एक हो । त्यसो त राजनीतिबाट अलग गराउनासाथ प्रशासनमा सुधार आउँछ भन्नेचाहिँ होइन। राजनीतिले प्रशासन सुधार गर्न सक्छ, तर प्रशासनले राजनीतिमा सुधार ल्याउने ल्याकत राख्न सक्दैन।

> 'काले काले मिलेर खाउँ भाले' भन्ने सिद्धान्त अपनाएका ठाउँमा तथा सिस्टमपूर्वक काम भएका ठाउँमा विवादका कुरा बाहिर खासै आउँदैनन्। राजनीति र प्रशासनका आ-आफ्नै सीमारेखा छन्। ती सीमारेखा नबुझ्ने र बुझेर पनि एक-अर्काको कार्य क्षेत्रमा हस्तक्षेप गर्न खोज्दा पनि त्यस्ता समस्या निम्तिएका देखिन्छन्। म जान्ने-सुन्ने छु, उत्कृष्ट भएर छानिएर आएको हुँ भन्ने सर्वेसर्वावादी सोच केही कर्मचारीमा देखिन्छ।

म्याक्स बेवरले परिकल्पना गरेकै कर्मचारीतन्त्रका विशेषता लिएर आजको कर्मचारीतन्त्र अगाडि बढेको छ। एआईको विकास भइसकेको अवस्थामा पनि कर्मचारीतन्त्रको भूमिका तथा कार्यशैली भिन्न होला तर यसको विकल्प हुन सक्दैन। समयानुकूल परिवर्तित निजामती सेवा आजको आवश्यकता हो। राजनीति र प्रशासन दुवै समयानुकूल परिवर्तन हुनैपर्छ।

प्रशासन मेरिटोक्रेसीमा आधारित स्थायी प्रवृत्तिको हुन्छ तर राजनीतिक नेतृत्व निश्चित समयावधिका लागि जनमतबाट छनोट भएर आएको हुन्छन्। दुवैका आफ्ना आफ्ना सीमा र शक्ति छन्। प्रशासनमा हुने पेसागत दक्षता र कुशलता राजनीतिज्ञमा हुँदैन, तर राजनीतिज्ञमा हुने पावर प्रशासनमा हुँदैन। त्यही पावरको जुँगे लडाइँ हुँदा पनि द्वन्द्व चल्छ।

अर्को ढंगले भन्दा राजनीति र प्रशासन सौता सौताका छोरा र छोरीजस्तै पनि हुन्। बाउ एउटै हुन्, आमा भिन्न तर एउटै परिवारका सदस्य हुन्। मिलेर बस्नुपर्ने हो तर प्रायः झगडा गरिरहन्छन्।

यो दुनियाँका ठुला परिवर्तन राजनीतिक आन्दोलनबाटै हुने हुन् । प्रशासनले सामान्य सुधारभन्दा बढी गर्न सक्दैन तर त्यो परिवर्तन टिकाउन प्रशासन एक्लैले सक्दैन । प्रशासनलाई कुन दिशातिर डोऱ्याउने भन्ने लगाम राजनीतिकै हातमा रहेको हुन्छ । त्यसैले प्रशासनलाई 'अरबी घोडा' को संज्ञा पनि दिइन्छ। अरबी घोडामा चढ्ने मान्छे कुशल छ भने ठिक ठाउँमा पुऱ्याउँछ तर सिकारु छ र अनावश्यक हप्की-दप्की मात्र गर्छ भने घोडाले कतिबेला लडाउँछ भन्ने पत्तै हुँदैन। तसर्थ प्रशासन सुधार गर्न सबल सक्षम र नैतिक राजनीतिक संयन्त्र हुन जरुरी छ।

जागिर सेवा होइन, जीविकोपार्जनका लागि कर्मचारी तलब खान्छन्। रिटायर्ड भएपछि पनि पेन्सन खान्छन्, तर राजनीति सेवा हो। सेवाभावले राजनीतिमा आउने हो। कमाउन र जीविकोपार्जनको स्रोत बनाउन कोही राजनीतिमा जोडिने होइन।

राजनीति र प्रशासनको विभाजनका कुरा गर्दा पूर्वअमेरिकी राष्ट्रपति उड्रो विल्सनलाई बिर्सन मिल्दैन। विल्सनले 'द स्टडी अफ् एडमिनिस्ट्रेसन' शीर्षकको लेखमार्फत राजनीति र प्रशासनको विभाजनको धुमिल रेखा देखाउने काम गरे । त्यसो त राजनीति र प्रशासन भिन्न होइनन् । यिनीहरूबिच सहसम्बन्ध रहेको हुन्छ भन्ने मान्यता पनि छ । डेमिङ र उड्रफले राजनीति र प्रशासनको सहसम्बन्ध रहेको कुरा गर्दै 'नट सेपरेट बट हार्मोनी' भन्ने सिद्धान्त पनि अघि सारेका छन् । कर्मचारीतन्त्रलाई कतिपयले 'नन इलेक्टेड सिनेट' पनि भन्ने गरेका छन्। यी दुवै उस्तै हुन्, तर एउटै होइनन्। धेरै काम एउटै टेबलमा बसेर गर्छन् तर आफ्नै सीमा छन्। 'पावर एक्ससाईज' गर्ने क्रममा एकले अर्काको कार्य क्षेत्रमा प्रवेश गर्न खोज्दा द्वन्द्व सिर्जना हुन्छ।

एकै घरमा बस्ने लोग्ने-स्वास्नी जस्तै हुन्, प्रशासन र राजनीति । एउटै बिस्तारामा सुत्छन् तर भिन्न हुन् । केही कार्य समान किसिमका भए पनि भिन्न प्रकृतिका हुन्, समृद्धिको जन्म हुन यी दुवै आपसमा मिल्नैपर्छ । जसरी पेटमा गर्भ बोकेर आमाले बच्चाको जन्म दिन्छिन्, त्यस्तै प्रशासनले प्रशव पीडा भोगेर समृद्धि र विकासलाई जन्माउँछ । राजनीतिविना प्रशासनले मात्र समृद्धिको गर्भधारणा गर्न सक्दैन । अतः राजनीति 'बाउ' हो भने प्रशासन 'आमा' । राजनीति भाले भूमिकामा रहन्छ, प्रशासन पोथी भूमिकामा । फूल पार्ने, बच्चा कोरल्ने र हुर्काउने काम पोथीले गरे पनि टोल थर्काउने गरी बास्दैन। बास्ने, टोल थर्काउने र निद्राबाट ब्युँझाउने काम भालेको हो। राजनीतिका कामभन्दा कुरा धेरै हुन्छन्, तर प्रशासन कुराभन्दा काम बढी गर्ने क्षेत्र हो।

अर्को ढंगले भन्दा राजनीति र प्रशासन सौता सौताका छोरा र छोरीजस्तै पनि हुन् । बाउ एउटै हुन्, आमा भिन्न तर एउटै परिवारका सदस्य हुन्। मिलेर बस्नुपर्ने हो तर प्रायः झगडा गरिरहन्छन्। मिलेर बसे भने परिवार फूलबारीजस्तै बन्छ। झगडा गर्न थाले काँडाघारी ! (लेखक पन्थी नेपाल सरकारका शाखाअधिकृत (न्याय सेवा) हुन्।)

# बागमती प्रदेशका छ जना मन्त्रीद्वारा सामूहिक राजीनामा

टुडे समाचारदाता

बागमती । बागमती प्रदेश सरकारका छ जना मन्त्रीले सामूहिक राजीनामा दिएका छन् ।

नेपाली कांग्रेसका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरुले बुधबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलसमक्ष राजीनामा दिएका हुन् ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामा, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तीर्थबहादुर लामा, स्वास्थ्यमन्त्री उत्तम जोशी र वन तथा वातावरणमन्त्री मसिना खड्काले मुख्यमन्त्रीसमक्ष संयुक्तरुपमा राजीनामा दिएका हुन् ।



नेपाली कांग्रेस संसदीय दलका नेतासमेत रहनुभएका आर्थिक मामिलामन्त्री लामा र खानेपानीमन्त्री तीर्थबहादुर लामा गत वर्ष चैत २६ गते मन्त्री नियुक्त भएका थिए भने अन्य चारजना गत जेठ ७ गते नियुक्त भएका थिए ।

बागमती प्रदेशमा नेपाल कम्युष्टि पार्टीसहित पाँच दलको समर्थनमा अघिल्लो वर्ष पुस ५ गते नेकपा (माओवादी केन्द्र) का नेता शालिकराम जम्कट्टेलको नेतृत्वमा सरकार गठन भएको थियो । सत्तासाझेदार दलहरु एमाले र राप्रपाले सरकार छाडेपछि नेपाली कांग्रेससँग मिलेर गत चैतमा मुख्यमन्त्री जम्कट्टेलले सरकार पुनर्गठन गरेका थिए ।

सङ्घीय सत्ता गठबन्धनमा आएको परिवर्तनले बागमती प्रदेश सरकार पनि एक पटक पुनर्गठन भइसकेको छ । बागमती प्रदेशसभामा सात दलको प्रतिनिधित्व छ ।

नेपाली कांग्रेस ३७ सदस्यसहित सबैभन्दा ठूलो दल हो भने नेकपा (एमाले) का २७ सदस्य सहित दोस्रो ठूलो दल हो । प्रदेशमा नेकपा (माओवादी केन्द्र) का २१, राप्रपाका १३, नेकपा (एकीकृत समाजवादी) का सात, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन् ।

नयाँ गठबन्धन दल एमाले, माओवादी र एकीकृत समाजवादीले साझेदारी गर्दा बागमती प्रदेशमा ५५ जना सदस्यको समीकरण बन्दछ ।

# ‘पञ्चकोटले मानवीय र मातृत्वको भावनालाई बलियो बनाउँदै लगेको छ’

टुडे समाचारदाता

गलकोट । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पञ्चकोटले मानवीय र मातृत्वको भावनालाई थप बलियो बनाउँदै लगेको बताएका छन् ।

धार्मिक तपोभूमिका रुपमा दामोदर कुण्डदेखि त्रिवेणीधामलाई समेटेर निर्माण भइरहेको पञ्चकोटले देशप्रतिको मायालाई प्रगाढ बनाउन मद्दत गरेको उनले उल्लेख गरे ।

बागलुङ नगरपालिका-६ पञ्चकोटमा यही फागुन ९ गतेदेखि सञ्चालित अनन्तश्री ब्रह्माण्डीय महायज्ञको समापन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले धौलागिरि क्षेत्र पवित्र धार्मिक तपोभूमि रहेको उल्लेख गर्दै कमलनयनाचार्यको पहलमा भइरहेको धार्मिक विकासले नेपालीको मनलाई एकापसमा जोड्न सकेको बताए ।

“दामोदर कुण्ड, मुक्तिनाथ र त्रिवेणीधामलाई पवित्र कालीगण्डकीले जोडेको छ, यहाँको धार्मिक क्षेत्रको प्रसार गर्नका लागि पञ्चकोटमा विशाल महायज्ञ आयोजना भयो,

यति ठूलो महायज्ञ सम्पन्न गरेकामा यहाँका सङ्कल्पकर्ता र स्थानीयलाई धन्यवाद दिन चाहन्छु”, अध्यक्ष ओलीले भने, “स्थानीयको मानवीय भावना र मातृत्वलाई संस्थागत गर्न पञ्चकोटले ठूलो योगदान पुर्‍याएको पाए, पञ्चकोटले पवित्र कालीगण्डकी, शालग्राम शिला र बह्माण्डको संरक्षणका लागि महायज्ञ आयेजना गर्नु आफैँमा सन्देशमूलक छ ।”



धर्मको नाममा अन्य राष्ट्रमा भइरहेको अत्याचार, हिंसा र अपराधलाई निरुत्साहित गर्दै नेपाली समाज मिलेर बसेको उल्लेख गर्दै अध्यक्ष ओलीले नेपालीको मनलाई धर्मले संस्थागत गर्दै एकापसमा मानवीय भावना पैदा गरेको बताए ।

एउटा व्यक्तिको सङ्कल्पमा पञ्चकोटमा विशाल संरचना तयार भएको भन्दै उनले स्वामी कमलनयनाचार्यको प्रशंसा गरे । अध्यक्ष ओलीले पञ्चकोटको पूर्वाधारका लागि सङ्घीय सरकारले विनियोजन गरेको रु १० करोड उपलब्ध गराउन पहल गर्ने बताए । सो अवसरमा स्वामी कमलनयनाचार्यले २०७१ फागुन ९ गते पञ्चकोटमा निर्माण थालिएको १०८ फिट अग्लो विश्वशान्ति कलशको शिलान्यास समारोहमा सहभागी भएर अध्यक्ष ओली संस्थापक सदस्यसमेत भएको जानकारी दिए ।

कार्यक्रममा नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले स्वामी कमलनयनाचार्यले पञ्चकोट गृह जिल्लामा मात्र नभएर मुस्ताङ, म्याग्दीसहितका जिल्लामा धार्मिक पूर्वाधार निर्माण गरिरहेको उल्लेख गरे ।

# उपराष्ट्रपति स्वागत समारोहमा

टुडे समाचारदाता

काठमाण्डु । उपराष्ट्रपतिरामसहायप्रसादयादव बङ्गलादेशको त्रिपन्नौँ स्वतन्त्र दिवसका अवसरमा बुधबार यहाँ आयोजित स्वागत समारोहमा सहभागी भए ।

नेपालका लागि बङ्गलादेशका राजदूत सलाउद्दिन नोमन चौधरीले आयोजना गर्नुभएको स्वागत समारोहमा संवैधानिक अङ्गका प्रमुख तथा पदाधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, कामको सिलसिलामा काठमाडौँमा बसोबास गर्दै आएका बङ्गलादेशका नागरिक, उद्यमी, व्यवसायी तथा वरिष्ठ सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत चौधरीले बङ्गलादेशले प्रधानमन्त्री शेखहसिनाको नेतृत्वमा मध्यआययुक्त मुलुकका रुपमा आफूलाई रुपान्तरण गर्न लागेको बताउँदै नेपाल पनि त्यस दिशामा अग्रसर भएकामा खुसी व्यक्त गरे ।

उनले बङ्गलादेश र नेपालले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय मञ्चहरुमा सहकार्य गर्दै आएका र त्यस्तो सहकार्य, व्यापार, पर्यटन, शिक्षा, सांस्कृतिक आदान-प्रदान र जनस्तरको सम्बन्ध प्रवर्द्धनमा केन्द्रित रहेको बताए ।

# सुशासनको अभियानलाई सहयोग गर्नुहोसः पूर्व गृहमन्त्री श्रेष्ठ

टुडे समाचारदाता

काठमाण्डु । निवर्तमान उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासन, सामाजिक न्याय र समृद्धिका अभियानमा मन्त्रालयका कर्मचारी, सुरक्षा निकाय तथा आम नागरिकबाट प्राप्त सहयोगका लागि आभार प्रकट गरेका छन् । गृह मन्त्रालयमा बुधबार आयोजित बिदाइ समारोहमा उनले भने, “सरकारले सुरु गरेको सुशासनको अभियानलाई भरपूर सहयोग गरे, अब पनि यसलाई निरन्तरता दिनुहोस् ।”



निवर्तमान उपप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता तथा सार्वभौमिकताको रक्षार्थ थालनी गरिएको कामलाई निरन्तरता दिन पनि आग्रह गरे ।

आफू झण्डै एक वर्ष गृह मन्त्रालयको नेतृत्वमा रहँदा सुशासन र सामाजिक न्यायको प्रत्याभूति दिन क्रियाशील रहेको उल्लेख गर्दै उनले जनतामा आशा जगाउने गरी सुधार गरिएको जिकिर गरे ।

“सरकारले सुशासनमा फड्को मारेको छ, जनतालाई आशा देखाउन सकिएको छ”, उनले भने । आफूले गृह मन्त्रालयको नेतृत्व सम्हालेकै दिन सुराकी खर्चसम्बन्धी व्यवस्था तथा राष्ट्रिय परिचयपत्रमा भएको जैविक विवरण निजी क्षेत्रलाई दिने गरी भएका निर्णय पनि खारेज गरिएको उनले स्पष्ट पारे ।

निवर्तमान गृहमन्त्री श्रेष्ठले अवैधरुपमा व्यक्तिको नाममा सारेका सरकारी जग्गा फिर्ता ल्याउने, अपराध नियन्त्रण, मिटरब्याजपीडितलाई न्याय दिने, सहकारी ठगीको अनुसन्धान गर्नेलगायत काममा सफलता हासिल गरिएको उल्लेख गरे ।

“सुधारका कामलाई सबैले आत्मसात् गर्नुपर्छ, एउटा मन्त्री गएर अर्को मन्त्री आउँदा यो अभियान रोकिनु हुँदैन”, उनले भने, “यी कामलाई फत्ते गर्नुपर्छ ।”

गृहमन्त्रालयमा रहँदा आफूले सरकारी जग्गा कीर्ते गरेर व्यक्तिको नाममा ल्याउने, जालसाजी गर्ने, ठगी गर्ने तथा राज्य लुट्नेलाई कारबाहीको अभियान चलाएको स्मरण गर्दै उनले बालुवाटारस्थित ललितानिवासको जग्गा फिर्ताको प्रक्रिया सोही अभियानको सफलताका रुपमा रहेको बताए ।

गृह मन्त्रालयका सचिव दिनेशकुमार भट्टराईले उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा चालिएका सामाजिक न्याय, सुशासन र सङ्क्रमणकालीन व्यवस्थापनमा चालेका कदम स्वागतयोग्य र स्मरणयोग्य रहेको बताए । सो अवसरमा निवर्तमान उपप्रधानमन्त्री श्रेष्ठलाई सचिव भट्टराईले मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायत मन्त्रालयका सम्पूर्ण कर्मचारीको उपस्थिति थियो ।

# रघुवीर महासेठ मन्त्री बन्दा कार्यकर्ता खुसी



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा नेकपा एमालेका केन्द्रीय सचिव रघुवीर महासेठको नेतृत्वमा सहभागी भएको भन्दै एमालेका कार्यकर्ताहरु खुसीले गदगद भएका छन् ।

उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री महासेठ बनेको भन्दै जनकपुरधाममा बुधबार दीप प्रज्वलन गरि खुसियाली मनाएको छ ।

जनकपुरधामको ब्रह्मपुरी चोकमा एमाले समर्थित यूवा कार्यकर्ताहरुले महासेठले एमालेबाट उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री बनेको खुसियालीमा दीप प्रज्वलन गरिएको थियो ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, गोदार गा.वि.स वडा नं. ४ घर भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ५ बस्ने श्री रामेश्वर झाको छोराबुहारी, श्री महेशवर झाको पत्नी वर्ष ७८ को श्रीमती मुन्द्रिका देवी झाको मिति २०७९/०८/१८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१७०००४० मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको जेठो छोरा विजय कान्त झा र कान्छो छोरा हरि कान्त झा ले यस बैंक समक्ष संयुक्त निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लि.
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१


# मधेस प्रदेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ : सांसद मुक्ता यादव

काठमाण्डु । कृषिप्रधान देश नेपालमा किसानलाई मारमा पारेर समृद्धिको सपना देख्नु न्यायसङ्गत हुन्छ र ? कृषि क्षेत्रको मुख्य केन्द्रका रूपमा रहेको मधेस प्रदेशका किसान आज किसान हुनुमा पीडा महसुस गर्दैछन् । पछिल्लो समय झन् बल्झँदै गएको मिटरब्याजपीडित, उखु किसान, दाइजो प्रथालगायतका मधेस प्रदेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ ।

मधेस प्रदेशबाट प्रतिनिधित्व गर्दा मैले अनुभव गरेको, सरकारले मधेस प्रदेशलाई हेर्ने दृष्टिकोण नै फरक छ । हरेक प्रकारले राज्यद्वारा मधेस प्रदेशलाई पछाडि पारिएको छ । मुलुकमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधानसभाबाट नेपालको संविधान पारित गरेका हौँ । सङ्घीयताको माध्यमद्वारा मुलुकमा शान्ति, सुशासन, समृद्धिका लक्ष्य पूरा गर्न संविधानसभाबाट संविधान पारित गरेका हौँ । संविधानलाई समयसापेक्ष, जनताका मागअनुसार संशोधन गर्दै जाने भन्ने विषयमा विश्वास गरी मधेसमा विरोध जनाउँदा हामी त्यस क्षेत्रको प्रतिनिधित्व गरेका सांसद संविधानमा हस्ताक्षर गरेका हौँ ।

हामीले प्रतिबद्धता जनाएका एजेण्डा कति सम्बोधन गरेका छौँ ? जनताका मागलाई हामीले कति मध्यनजर गर्न सकेका छौँ ? संविधानमा व्यवस्था गरेका जनताका अधिकार सुरक्षा, संरक्षणमा राज्य कतिको संवेदनशील भएको छ ? आज प्रश्न गर्ने समय आएको छ । संविधानमा उल्लेखित सामाजिक, सांस्कृतिक विकासका विषयमा आज हामी कहाँ छौँ ? आज धर्म, संस्कृति, जात, क्षेत्रका नाममा भएका विभेद तथा समस्या समाधानमा राज्य संवेदनशील बन्नुपर्ने हो । विगतमा धर्म, संस्कृतिका नाममा विभेद, मनमुटाव भएका थिएनन् । पछिल्लो समय एकापसमा बढ्दै गएको विभेद, मनमुटावले आउने समय त्रसित बनाउन सक्छ । जटिल समस्या निम्त्याउन सक्छ । यसमा राज्य चनाखो हुनुपर्छ ।

संसद्को अघिल्लो अधिवेशनमा एउटा मात्र कानुन निर्माण गर्न सफल भएका थियौँ । सोही समयमा पारित भएको मिटरब्याजसम्बन्धी विधेयकले झन् विकराल अवस्था सिर्जना गर्नेवाला छ । ऋण लेनदेनमा केहीले बदमासी गरेका होलान् तर दुवै पक्ष पीडित छन् । अहिले उद्यम, व्यवसाय गर्न ऋण लिन बैंकबाट पाउँदैनन् । साहुले दिँदैन । आफूसँग भएको जग्गा सही मूल्यमा बिक्री हुन नसक्दा छोराछोरीको पढाइमा समस्या आएको छ । वैवाहिक कार्यक्रममा असर परेको छ । ऋण लिने समयमा एकापसमा गरेको समझदारी बिर्सेर साहुलाई निवेदन दिएर फसाउने प्रवृत्तिले गाउँमा त्रास छ । यो विधेयकले मधेस प्रदेशलाई नियोजित तरिकाले फसाएको छ । सुनियोजित ढङ्गले मधेस प्रदेशमा झडप, मनमुटावको वातावरण सिर्जना गरिदिएको छ । कस्तो मिटरब्याजपीडित हो भन्ने कुरा कानुनमा उल्लेख छैन । परिभाषामा उल्लेख त हुनुपर्यो नि ? यस सम्बन्धमा छलफल पनि भएन ।

एकातिर हामी भन्छौँ आयात घटाउने, निर्यात बढाउने तर किसानलाई सहुलियत ऋण, अनुदान, सुविधा प्रदान गर्न सकेका छैनौँ । जबसम्म हामी व्यावसायिक, वैज्ञानिक खेतीसँग जोडिदैनौँ तबसम्म आत्मनिर्भर बन्न सक्दैनौँ । परम्परागत शैलीको कृषि प्रणालीले उत्पादकत्वमा समुन्नत बनाउन सक्दैन । उत्पादकत्व बढ्दैन भने कसरी आयात घट्छ ? सरकारले समयसापेक्ष किसान लक्षित योजना तय गर्नुपर्छ ।

उर्वरभूमि बोकेको मधेस प्रदेशमा कृषि क्षेत्रलाई समृद्ध बनाउनुको विकल्प छैन । अहिले मधेस क्षेत्रमा चुरेको संरक्षण छैन । सिँचाइ छैन । दिगो सिँचाइ सुनिश्चित गर्नतर्फ ध्यान छैन । कहाँबाट उत्पादन बढ्छ ? उखुखेतीमा किसान उचित मूल्य नपाएर पीडित भएका छन् । किसानको पसिनाको मूल्याङ्कन गर्न सकेका छैनौँ । खेती गर्छन् पैसा दिँदैन । सिँचाइ नभएर खेती बाँझो राख्नुपर्ने अवस्था आउन थाल्यो । सरकार मधेस प्रदेशप्रति संवेदनशील भएन ।

सरकार स्थिर नहुँदा नीतिगत, राजनीतिक, सामाजिक समस्या जनताले भोग्नुपरेको छ । पछिल्लो समय मुलुकका संवेदनशील तथा महत्त्वपूर्ण विधेयकका रूपमा सरकारले राम्रो गति लिएको थियो । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शिक्षा विधेयकलगायतका विधेयकमा समिति संसद्मा तीव्रगतिमा गएको थियो । अचानक सरकार उथलपुथल हुँदा संसद्को क्यालेण्डरअनुसार संसदीय गतिविधि प्रभावित बन्न पुगेका छन् । हिउँदे अधिवेशनमा बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफल रहेको बैठक स्थगित भयो । राजनीतिक अस्थिरताले संसदीय अभ्यासलाई प्रभावित गर्ने गर्छ ।

व्यवस्था र अभ्यासमा हामीमा ठूलो खाडल छ । जनसंख्याको आधारमा समानुपातिक समावेशीको सिद्धान्तलाई अवलम्बन गर्ने विषयलाई त पछि सम्बोधन भयो । तर जनसंख्याको आधारमा निर्वाचन क्षेत्र अझै पनि बाँकी छ । सङ्घीय संसद्का दुवै सदनमा यस क्षेत्रका समस्या, मुद्दा उठान गर्ने गरेको छु । वास्तवमा म मधेस प्रदेशको महिला प्रतिनिधि पनि हुँ । महिलालाई आर्थिक, शैक्षिक, राजनीतिकरूपमा सवलीकरण तथा सशक्तीकरण गर्नुपर्छ । महिला लक्षित कार्यक्रम आएका छन् तर वास्तविक लक्षित वर्गसम्म त्यो पुग्दैन । सरकार पुग्दैन । सरोकारवाला पुग्दैनन् । मिडिया पुग्दैन । विशेषगरी घरायसी काममा संलग्न महिला दैनिकरूपमा गुइँठाले खाना बनाइरहेका छन् । जलवायु परिवर्तनका विषय गर्दा गुइँठाको असर महिलाले धेरै खेप्नुपरेको छ । त्यो कसले बुझिदिने ? ग्रामीण भेगका वर्गको दयनीय अवस्था कसले हेरिदिने ?

दाइजो प्रथाको अवस्था यस क्षेत्रमा विद्यमान छ । जबसम्म हामीले आफ्नै घरमा छोराछोरीमा विभेद गरिन्छ, तबसम्म यस्ता कुप्रथाले निरन्तरता पाउँछन् । शिक्षा, रोजगारीमा विभेद छ । शिक्षाको मूल जरोमा महिलालाई प्रोत्साहन गरिँदैन । समाजमा समानता विस्तार भएमा यस क्षेत्रको चरम समस्याका रूपमा रहेको दाइजो प्रथाका समस्या घट्दै जान्छ ।

रासस


## श्री मुन्सिफ माध्यमिक विद्यालय साँढा
### मनराशिसवा नगरपालिका-४, महोत्तरी
### मधेश प्रदेश
### प्रकासित मिति २०८०/११/२४

## पोखरी ठेक्का सम्बन्धि सूचना ।

यस विद्यायको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/१३ गते को निर्णय अनुसार यस विद्यालयको नाउँ मा दर्ता रहेको मनरा शिसवा न.पा. वाडा नं.-४ साँढा को क्षेत्रफल अन्दाजी ०-१९-० को मनोगि कुट्टी पोखरी र क्षेत्रफल अन्दाजी ०-६-१० को डबरा पोखरी समेत गरी -२ (दुई) २०८१ साल बैशाख देखि भोग चलन गर्ने गरी तपसिल अनुसार शर्तको अधारमा ५ पाँच वर्षको लागि पोखरी ठेका लगाउने निर्णय भएकोले सोहि अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

शर्तहरुः

१. ठेक्केदार नेपालको नागरिक हुनुपर्ने छ ।
२. ठेक्केदारको ५% रकम धरौटी ठेक्का सम्मको डाक बोल पत्र अनुसार बुझाउ पर्ने छ ।
३. ठेक्काको रकम बर्षमा तिन किस्तामा र अन्तिम किस्ता तिन महिना अगाबै बुझाउनु पर्ने छ
४. ठेक्काको रकम समयमा प्राप्त नभएमा ठेक्का कुनै बखत रद गरिने छ ।
५. ठेक्केदार माथि विद्यालयको रकम बाँकी भए त्यस्तो ठेक्केदारले ठेक्कामा भाग लिन सकिदैन ।
६. स्वीकृत ठेक्का रकममा कुनै प्रकारको मिन्हा हुने छैन ।
७. ठेक्का विद्यालयको प्रागंनमा मिति २०८०/११/३० गते बुधवार बिहान १०:०० बजे देखि ४:०० बजे सम्म हुने छ ।
८. चलन पुर्जि लिने समयमा एउटा किस्ताको रकम जम्मा गर्नु पर्ने छ ।
९. ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार बिद्यालय प्रशासनमा निहित रहने छ ।
१०. ठेक्का सम्बन्धित बिस्तृत जानकारीको लागी विद्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

प्रधानाध्यापक

# करिब एक लाख अफगानी आप्रवासी स्वदेश फिर्ता

एएनआई

काबुल । इरान, पाकिस्तान र टर्कीबाट एक महिनामा करिब एक लाख आप्रवासी त्यहाँ बस्ने विकल्पहरू नहुँदा अफगानिस्तान फर्केका छन् ।

तालिबान नेतृत्वको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले विदेशबाटफर्केकानागरिकको सङ्ख्यापुष्टिगर्दैसबैलाईपुनःस्थापनाका लागि सरकारले सहयोग गरेको जनाएको छ ।“जनवरी महिनामा पाकिस्तान, इरान र टर्कीबाट ९६ हजार ४९० अफगानी आप्रवासी स्वदेश फिर्ता भएका छन् । उनीहरूको व्यवस्थापनका लागि हामीसँग समितिहरू छन् । सीमामा उनीहरूलाई यात्रा भत्ता, खाना र गैर-खाद्य सहायता र जाडोका लुगाहरू दिई उनीहरूको गाउँ तथा शहरहरूमा जाने व्यवस्था गर्ने गरी क्षेत्रीय प्रशासनलाई जिम्मा लगाइने गरेको छ ।

“प्रत्येक परिवारलाई १० हजार नगद सहयोग प्रदान गरिएको छ,” शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका उपमन्त्री अब्दुल रहमान रसिदले भन्नुभयो । साथै, स्वदेश फर्केका केही आप्रवासीले तालिबान सरकारसँग उनीहरूलाई रोजगारीको अवसर उपलब्ध गराउन अनुरोध गरिरहेका छन् । पायिन्दाले पाकिस्तानबाट आफ्नो सात सदस्यीय परिवारसँग स्वदेश फर्केपछि आप्रवासनका



चुनौतीहरूबारे पायिन्दा थर बताउने अफगान नागरिकले भन्नुभयो, “तिनीहरूले हाम्रो पैसा लुट्थे । हामी हामी अफगानिस्तानबाट पाकिस्तान पुगेका थियौँ त्यसैले स्वतन्त्र रूपमा यात्रा गर्न वा स्वास्थ्य परीक्षणका लागि राम्रो चिकित्सकलाई भेट्न असमर्थ थियौं ।”

उहाँले भन्नुभयो, “हालैका वर्षहरूमा शत्रुताका कारण लाखौं मानिसहरू देश (अफगानिस्तान) छोड्न बाध्य भएका छन् ।” विदेश रहँदाको अनुभव सुनाउँदै हालै इरानबाट स्वदेश फर्किएका नाजानिनले भन्नुभयो, “उनीहरूले पहिले मेरा श्रीमान्लाई लगे । पछि उहाँले फोन गरेर आफूलाई इरानी जेलमा राखिएको बताउनुभयो । चार दिनपछि म उहाँलाई भेट्न गएँ । इरानी प्रशासनले हामीलाई देश छोड्न चेतावनी दिएको रहेछ । श्रीमान्ले हामीलाई तीन दिनको समय दिनुहोस्, हामी यहाँबाट जान्छौं भन्नुभयो र स्वदेश फर्कियौँ ।”

उहाँले थप्नुभयो, “तीन दिनपछि हामी स्वदेश फर्किएका छौँ । तर, यहाँ हाम्रो बास र खाने प्रबन्ध मिलाउन कठिन भइरहेको छ किनकि दुव्यवहार हुनसक्ने डरमा हामी आफ्नो जन्मस्थान पुग्न सकेका छैनौँ ।”

“सरकारले रोजगारीको अवसर प्रदान गर्नुपर्छ ताकि कोही पनि फेरि इरान फर्कन नपरोस् र हामी सबैले आफ्नो मातृभूमिमा आफ्नो प्रगति गर्न सकौँ,” सोही समूहमा इरानबाट स्वदेश फिर्ता भएका खैरुदिनले टोलोन्यूजलाई बताउनुभयो ।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले पाकिस्तानबाट जबर्जस्ती देश निकाला गरिएका अफगानी आप्रवासीहरूको दुर्दशाको बारेमा चिन्ता व्यक्त गरेको छ । उनीहरू अहिले केवल बाँच्नको लागि पैसा सापटी लिने र उधारोमा सामान किन्ने गरिरहेका छन्। विकराल अवस्थालाई उजागर गर्दै डब्लुएफपीले अफगानी आप्रवासीहरू कुनै पनि सुविधा वा सहयोगबाट बञ्चित भएर बाँच्नका लागि ऋण लिनैपर्ने अवस्था रहेको सङ्गठनको वेबसाइटले देश निकाला गरिएका अधिकांश आप्रवासीहरू हाल अन्यौलको अवस्थामा रहेको कुरालाई जोड दिएको छ ।

विश्व खाद्य कार्यक्रमले खाद्य सहायताको लागि एक महत्वपूर्ण आवश्यकतामाथि जोड दिँदै केही फर्केका आप्रवासीहरू अझै पनि भोकमरीसँग जुधिरहेका बताएको छ । अफगानिस्तानमा आप्रबासी समस्या र खाद्य सुरक्षा गम्भीर बनेको डब्ल्यूएफपीले जनाएको छ । शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त (यूएनएचसीआर) का अनुसार छिमेकी देशहरूबाट अफगान शरणार्थीहरूको निरन्तर फिर्ती बढ्दो मुद्रास्फीति र शरण दिइएका देशहरूमा रोजगारीका अवसरहरूको अभावसँग सम्बन्धित छ ।

हाल इरान, टर्की र पाकिस्तानमा करिब ६० लाख अफगानी आप्रवासी रहेको बताइएको छ । सन् २०२१ को अगष्टमा तालिवान सत्तामा फर्किएपछि हजारौं अफगानीहरू उत्पीडन र ज्यान मार्ने धम्कीको डरले अफगानिस्तानबाट भागेर छिमेकी देशहरुमा गएका थिए । यीमध्ये अधिकांश मानिसहरू अवैध च्यानलहरूमार्फत् ती मुलुकहरूमा प्रवेश गरेकोमा अहिले गम्भीर समस्याहरूको सामना गरिरहेका छन् ।

# खेल र खेलाडीलाई एनसेलको साथ




**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलले खेल र खेलाडीको अभिवृद्धि एवं विकासकालागिविभिन्न खेलहरूमा आबद्धता जनाउँदै आएको छ । क्रिकेट, फुटबल, गल्फका साथै राष्ट्रिय तथाअन्तर ाष्ट्रिय खेलहरूमा नेपालको प्रतिनिधित्व गर्ने पारालम्पिक राष्ट्रिय खेलाडीहरूलाई एनसेलले सहयोग गर्दै आएको छ ।

बुधबार मात्र सम्पन्न ‘त्रिदेशीय टी-२०आई सिरिज २०२४’ बाहेक हालै भएको आईसीसी लिग टु र नेपाल-क्यानडा एकदिवसीयसिरिजमा एनसेल ‘ कनेक्टेड बाई’ साझेदारका रूपमा आबद्ध भएको थियो । ‘हाम्रो साथ नेपालीक्रिकेटलाई’ भन्ने थिमका साथ एनसेलले यी खेलहरूमा सहयोग पुऱ्याएको हो ।यसैगरी ‘ हाम्रो साथ नेपाली फुटबललाई’ भन्ने थिममाआधारित भई एनसेलले ‘वीरगन्जगोल्डकप’ र ‘झापागोल्डकप’लगायतका फुटबल खेलमा आबद्ध भएको थियो । विगतमापनि एनसेलले एन्फासँगको सहकार्यमा ‘ए’ डिभिजन, यू-१६, वुमन्स नेसनलच्याम्पियनसिप, वुमन्स नेसनल टिमका साथै क्रिकेटअन्तर्गत क्यानको प्राविधिक सहयोगमा ‘एनसेल नेपालप्रिमियर लिग’ गरेको थियो ।

‘हामीतपाईंकै लागि’भन्ने थिममाआधारित भई एनसेलले राष्ट्रिय पारालम्पिक समिति (एनपीसी) नेपालसँगको सहकार्यमा नेपालपारालिम्पिक टोलीलाई साथ र सहयोग प्रदानगर्दै आएको छ । चौथो एसियालीपारा खेलकुद २०२२ मा नेपाललाई इतिहासमै पहिलो पदकदिलाउन सफलपारा तेक्वान्दो खेलाडी पलेशागोवर्द्धनलाई सम्मानगर्दै एनसेलले १ लाख रुपैयाँनगद पुरस्कार पनिप्रदान गरेको थियो ।

एनसेलले गतभदौमाआफ्नो सेवा सञ्चालनको १८औं वार्षिकोत्सवकाअवसरमा व्यावसायिकसामाजिकजिम्मेवारी (सीएसआर) अन्तर्गतएनपीसीसँग सहकार्य घोषणा गरेको थियो । यसअन्तर्गत कम्पनीले राष्ट्रिय तथाअन्तर्राष्ट्रिय खेलहरूमा नेपालको प्रतिनिधित्व गर्ने पारालम्पिक राष्ट्रिय खेलाडीहरूको समग्र तालिम, विकास तथा प्रशिक्षणमा सहयोग गर्दै आएको छ ।

यसैगरी गल्फमा, गल्फ र पर्यटन प्रवर्द्धनसहितआर्थिक र सामाजिक मुद्दामा छलफल तथाअन्तरक्रिया गराउने उद्देश्यले यही चैत १ देखि ३ गतेसम्म पोखरामा ‘एनसेल बाह्रखरी गल्फ एन्ड बियोन्ड’ हुँदै छ । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकापनि यो कार्यक्रममा सहआयोजकका रूपमा आबद्ध भएका छन् । एनसेलले ‘बाह्रखरी’सँग सहकार्य गर्दै ५ वर्षदेखि हरेक वर्ष यो कार्यक्रमगर्दै आएको छ ।

# पेरूका प्रधानमन्त्रीद्वारा राजीनामा

एएफपी

लिमा । पेरूका शक्तिशाली प्रधानमन्त्री अल्बर्टो ओटारोलाले एक युवतीलाई अवैध काममा सहयोग गरेको आरोप लागेपछि मङ्गलबार राजीनामा दिनुभएको छ ।




ओटारोलाले लिमामा पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो, “राष्ट्रपतिसँग मैले आफ्नो पदबाट राजीनामा पेश गर्ने निर्णयको घोषणा गरेको छु ।” ओटारोला एक अनुभवी राजनीतिज्ञ र वकिल हुनुहुन्छ । उहाँले राष्ट्रपति डिना बोलुआर्टेको चीफ अफ स्टाफको रूपमा कामसमेत गर्नुभएको थियो । ओटारोलाले एक २५-बर्षीया युवतीलाई क्यानाडाको आधिकारिक भ्रमणबाट घर फर्कन आदेश दिनुभएको थियो । ५७ वर्षीय ओटारोला विवाहित हुनुहुन्छ र उहाँका पाँच सन्तान छन् ।

गत हप्ताको अन्त्यमा, टेलिभिजन कार्यक्रम प्यानोरमाले यस वर्ष सरकारको लागि अभिलेख र प्रशासनिक काम गर्न कूल १४ हजार अमेरिकी डलरको दुई सम्झौताहरू प्राप्त गरेकी २५ वर्षीया याजिरे पिनेडो नामकी एक महिलालाई उक्त सम्झौता गरिदिन पदीय मर्यादा विपरीत निर्देशन दिएको उल्लेख गर्दै विपक्षी नेताहरूले प्रधानमन्त्रीको राजीनामा माग गरेका छन् । सम्झौता गर्दा अनियमितता भएको हुनसक्ने आधार मानिएको रेकर्डेड कुराकानीमा प्रधानमन्त्री ओटारोलाले ती युवतीलाई भन्नुभएको छ , “प्रिय, तिमीलाई थाहा छ ‘यी प्रसङ्ग’ ले दुःख दिएका छन् । तिनीहरू हाम्रा लागि पीडा हुन् । तर तपाईंलाई यो पनि थाहा छ कि म तपाईंलाई माया गर्छु ।”

पिनेडोका अनुसार उक्त कुराकानी ओटारोलासँग उहाँ क्याबिनेट मन्त्री हुनुअघि सन् २०२१ मा भएको हो । पिनेडोले प्रधानमन्त्री ओटारोलासँग आफ्नो छोटो ‘भावनात्मक सम्बन्ध’ भएको कुरा स्वीकार्नुभएको छ । यसैबीच, ओटारोलाले पेरूको श्रम कानूनको उल्लङ्घन वा अन्य गलत काम गरेको आरोप अस्वीकार गर्नुभएको छ ।

“मैले राजनीतिक परिस्थितिको गम्भीरता बुझेको छु तर म दोहोऱ्याउँछु कि मैले कुनै पनि गैरकानुनी काम गरेको छैन,” उहाँले सोमबार यसअघि ट्वीटर भनेर चिनिने सामाजिक सञ्जाल एक्समा सार्वजनिक पोष्टमा लेख्नुभएको छ ।

राष्ट्रपतिको कार्यालयले मङ्गलबार एक विज्ञप्ति जारी गर्दै के गर्ने भन्ने निर्णय गर्नुअघि ओटारोलाको कुरा सुन्ने बताएको थियो ।

अभियोजकहरूले ओटारोलालाई सम्भावित स्वार्थको द्वन्द्व र ‘अवैध प्रायोजन’ को लागि अनुसन्धान गर्ने बताएका छन् ।सन् २०२२ मा तत्कालीन वामपन्थी राष्ट्रपति पेड्रो क्यास्टिलोले काङ्ग्रेसलाई भङ्ग गर्ने र अवैध रूपमा शासन गर्ने प्रयास गरेपछि ६१ वर्षीय बोलुआर्टे राष्ट्रपति हुनुभएको हो ।

प्रधानमन्त्रीको युवतीसँगको घटनालाई जोडेर राष्ट्रपति बोलुआर्टेको राजीनामा र नयाँ निर्वाचनको माग गर्दै विभिन्न शहरमा केही समयदेखि हिंसात्मक प्रदर्शन भएका छन् । सन् २०१८ को मार्चपछि अहिलेसम्म पेरूमा छ जना राष्ट्रपति भइसकेका छन् । ह्युमन राइट्स वाचको एक अनुमानअनुसार सुरक्षा बलको कारबाहीमा अहिलेसम्म करिब ५० जनाको मृत्यु भएको छ ।

# सुडानमा भोकमरीको खतरनाक जोखिम : डब्ल्यूएफपी

एएफपी

पोर्ट सुडान । सुडानमा प्रतिद्वन्द्वी जनरलहरूबीच करिब ११ महिनादेखि जारी युद्धले ‘ विश्वको सबैभन्दा ठूलो भोकमरी सङ्कट निम्त्याउने खतरा’ रहेको संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी ) ले बुधबार चेतावनी दिएको छ ।

सेना प्रमुख अब्देल फतह अल बुरहान र उनका पूर्व डेपुटी मोहम्मद हमदान डग्लोबीच भएको युद्धमा दशौं हजारको मृत्यु भएको छ, सुडानको पूर्वाधार र अर्थतन्त्र ध्वस्त भएको छ ।यसले ८० लाखभन्दा बढी मानिसहरूलाई विस्थापित गरेको छ ।

यसबाहेक, द्वन्द्वअघि नै आफ्नो घरबाट विस्थापित भएका २० लाखभन्दा बढी नागरिकका कारण सुडानमा विश्वको सबैभन्दा ठूलो विस्थापन सङ्कट निम्त्याएको छ ।डब्लुएफपीका कार्यकारी निर्देशक सिन्डी म्याक्केनले भन्नुभयो, “अहिले लाखौं मानिसको जीवन र सम्पूर्ण क्षेत्रको शान्ति र स्थिरता खतरामा परेको छ ।”

“बीस वर्षअघि डार्फरमा विश्वको सबैभन्दा ठूलो भोकमरीको सङ्कट थियो र विश्वले यसको प्रतिकार गर्न एकजुट भएको थियो,” सुडानको विशाल पश्चिमी क्षेत्रतर्फको विस्थापितहरूको अवस्था सङ्केत गर्दै उहाँले भन्नुभयो । तर, पूरानो घाउ आज सुडानका जनताले बिर्सिएका छन् ।सन् २००० को दशकको सुरुमा डार्फरमा जातीय अल्पसङ्ख्यक विद्रोहीविरुद्ध पूर्व तानाशाह ओमार अल-बशीरले प्रयोग गरेको जन्जाविद मिलिशियाबाट आरएसएफ आएको हो ।

वर्तमान युद्धमा आरएसएफ र सेना दुवैलाई आवासीय क्षेत्रमा अन्धाधुन्ध गोलाबारी गरेको, सर्वसाधारणलाई निशाना बनाएको र अत्यावश्यक सहायतामा अवरोध पुऱ्याएको आरोप लगाइएको छ।डब्ल्यूएफपीले हाल ‘भोकमरीको आपतकालीन स्तर’ सामना गरिरहेका ९० प्रतिशत मानिसहरूसम्म पुग्न असमर्थ रहेको र सुडानको जनसङ्ख्याको पाँच प्रतिशतले मात्र ‘दिनको एक छाक खाना किन्न सक्ने’ बताएको छ ।

“सुडानबाट छ लाख मानिस भागेको दक्षिण सुडानको भीडभाड युक्त ट्रान्जिट क्याम्पमा मानिसहरू भोकभोकै आउँछन् र उनीहरूलाई थप भोकमरीको सामना गर्नुपर्ने हुन्छ,” डब्ल्यूएफपीले जानकारी गराएको छ ।

डब्ल्यूएफपीका अनुसार सीमा पार गर्ने पाँचमध्ये एक बालबालिका कुपोषित रहेको बताइएको छ।सुडानमा एक करोड ८० लाख मानिसले तीव्र खाद्य सुरक्षाको सामना गरिरहेका छन्, जसमध्ये ५० लाख मानिस भोकमरीको भयावह स्तरमा छन् ।

# एमेच्योर सदभाव शीर्षस्थानमा कायमै, प्रो रवि ३ स्ट्रोकले पछि




**टुडे समाचारदाता**

काठमाण्डु । एमेच्योर गल्फर सदभाव आचार्य सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको तेस्रो दिन तीन स्ट्रोकको अग्रता सहित शीषस्थानमा कायमै रहन सफल भएका छन्।

रोयल नेपाल गल्फ क्लबमा आज डिफेन्डिङ च्याम्पियन युवा गल्फर सदभावले ४-अन्डर ६४ को उम्दा प्रदर्शन गर्दा समग्रमा ७-अन्डर १ सय ९७ सहित पुर्व नम्बर एक गल्फर रवि खड्कालाई तीन स्ट्रोकले पछि पारे। रविले आज ३-अन्डर ६५ स्कोर दर्ज गरे। उनी समग्रमा ४-अन्डर २०० सहित दोस्रो स्थानमा उक्लिए।भुवन नगरकोटीले आज दिनकै उत्कृष्ट स्कोर कार्ड तयार पार्ने क्रममा ५-अन्डर ६३ स्कोर गरे। समग्रमा ३-अन्डर २ सय १ सहित तेस्रो स्थानमा उक्लिए। धन बहादुर थापाले आज इभन-पार ६८ मा खेल सकाउँदा समग्रमा २-अन्डर २ सय २ सहित चौथो स्थानमा झरे।

भेट्रान प्रो दीपक मगरले ३-अन्डर ६५ मा तेस्रो दिनको खेल सकाए। उनी समग्रमा इभन-पार २ सय ४ को नतिजामा पाँचौ स्थानमा उक्लिए। समग्रमा २-ओभर २ सय ६ सहित सञ्जय लामा छैटौं स्थानमा छन। उनले आज १-अन्डर ६७ मा खेल सकाए।

आज ४-अन्डर ६४ को उत्कृष्ट नतिजा सहित समग्रमा ३-ओभर २ सय ७ सहित विष्णु प्रसाद शर्मा सातौं स्थानमा उक्लिए। एमेच्योर टासी छिरिङ र प्रो रामे मगर समग्रमा ४-ओभर २ सय ८ सहित आठौं स्थानमा छन। टासीले आज २-अन्डर ६६ मा खेल सकाए। उनी एमेच्योरतर्फ दोस्रो स्थानमा छन। पहिलो दिनका लिडर रामेले आज ५-ओभर ७३ को खराब प्रदर्शन गरे।

समग्रमा ५-ओभर २ सय ९ सहित भुवन कुमार रोक्का, जयराम श्रेष्ठ र दिनेश प्रजापतिले १०औं स्थान बाँडे।

भुवनले ४-अन्डर ६४, जयरामले ३-ओभर ७१ र दिनेशले ५-ओभर ७३ मा खेल सकाए।उपाधि रक्षा गर्ने दाउमा रहेका सदभावले पहिलो होलमा नै ओबी प्रहार गर्दै सो होलमा बोगी खेपे। तर उनले उत्कृष्ट पुनरागमन गरे। दोस्रो होलमा बर्डी र ५-पारको चौथो होलमा इगलको सफलता प्राप्त गरे।

यसपछि पाँचौं होलमा एक सट खेर फाले भने सातौं होलको बर्डीले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए। यसपछि १३औं होलको बोगीका विरूद्ध १०औं, १५औं र १८औं होलमा बर्डीको सफलता सहित सदभावले ब्याक नाइन २-अन्डर ३२ मा नै पुरा गरे। अन्तिम १८ होलको खेल बाकी छँदा करियरको तेश्रो उपाधि जित्ने सम्भावनालाई बलियो बनाएका छन।रविले फ्रन्ट नाइन १-अन्डर ३३ र ब्याक नाइन २-अन्डर ३२ मा सकाए। उनले चौथो, १३औं, १४औं र १६औं होलमा चार बर्डी प्रहार गरे भने १२औं होलमा एक सट खेर फाले।भुवनले लोभलाग्दो सुरूवात गर्दै फ्रन्ट नाइन ४-अन्डर ३० मा सकाए। पहिलो, चौथो, आठौं र नवौं होलमा बर्डी प्रहार गरे।

यसपछि १०औं र १७औं होलमा पनि एक-एक सट बचाए भने १८औं होलमा बोगीको सामना गरे।धनले फ्रन्ट नाइन १-अन्डर ३३ र ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे। उनले तेस्रो, आठौं र १३औं होलमा बर्डी प्रहार गर्दा चौथौं, १७औं र १८औं होलमा एक-एक सट खेर फाले।चारदिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीको सहभागीता रहेको छ। कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ६७ हजार र ४८ हजार हात पार्नेछन। यसैगरी चौथो हुनेलाई ४० हजार र पाँचौ हुनेलाई ३६ हजार प्रदान गरिनेछ। कट बनाएका २१ प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन।

# अफगानिस्तानमा महिला तथा बालिकाको अधिकारलाई प्राथमिकता दिन आग्रह

एएनआई

जेनेभा ।अफगानिस्तानमा महिलाहरूलाई आधारभूत अधिकारबाट वञ्चित भएको विवरणह आइरहेका समयमा मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त, भोल्कर टर्कले अफगानिस्तानमा महिला तथा किशोरी अधिकारलाई प्राथमिकता दिन आह्वान गर्नु भएको छ ।

तुर्कले अफगानिस्तानले सामना गर्ने महिला तथा किशोरीहरूको अधिकारको अत्यधिक उल्लङ्घनको विषयमा ध्यानाकर्षण गर्नुभएको खामा प्रेसले आफ्नो समाचारमा लेखेको छ । अफगानिस्तानमा मानव अधिकारका लागि संयुक्त राष्टसङ्घीय विशेष प्रतिवेदक रिचर्ड बेनेटले महिला तथा बिशोरहरूको दुरावस्थालाई विशेष



जोड दिँदै अफगानिस्तान मानव अधिकारको गम्भीर अवस्थामा तुर्कको चिन्तालाई उजागर गर्नुभयो ।

महिला अधिकारमा ध्यान केन्द्रित गर्दै अफगानिस्तानको इस्लामिक इमिरेटसँगको कुनै पनि अन्तरक्रियाका लागि मानव अधिकारको मौलिक सम्मान पूर्व शर्त भएको बेनेटले बताउनुभयो । तालिबानले सत्ता कब्जा गरेको दुई वर्षभन्दा बढी समयपछि अफगानिस्तानमा मानव अधिकारको निरन्तर ह्रासबारे बेनेटको प्रतिवेदन २९ फेब्रुअरीमा संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा पठाइएको थियो ।खामा प्रेसका अनुसार तुर्कले मानव अधिकारका मुद्दाहरूमा मात्र नभई तालिबानले सञ्चारमाध्यम र पत्रकारिताको दमनको बारेमा पनि चिन्ता व्यक्त गर्नुभएको छ ।

प्रतिवेदनमा कान्दाहारमा व्यक्तिहरूकोतस्बिरकोप्रकाशनलाई गैरकानुनी बनाउने र खोस्ट प्रान्तमा महिलाहरूलाई रेडियो कार्यक्रममा समेत निषेध गर्ने जस्ता उपायहरू समावेश छन् ।

यद्यपि, तालिवान प्रशासनका प्रवक्ता जबिहुल्लाह मुजाहिदले महिला अधिकारका लागि वर्तमान् सरकार प्रतिबद्ध भएको बताउनुभएको छ ।

मानव अधिकारको उल्लङ्घनलाई अस्वीकार गरी पश्चिमी राष्ट्रहरूले अफगान सरकारलाई दबाब दिन यी दावीहरू प्रयोग गरेको दावी उहाँले गर्नुभयो ।

तालिबानले महिला अधिकारमा लगाएको कडा प्रतिबन्धले उनीहरूको शिक्षा र रोजगारीका अवसरहरूमा घातक प्रभाव पारेको छ ।

अफगान महिला तथा बालिकाहरूले सशक्तिकरण र आर्थिक स्वतन्त्रताको लागि आवश्यक मार्गहरूबाट वञ्चित गर्दै विद्यालय जान वा सुखद भविष्यको खोजी गर्न विकराल अवरोधहरूको सामना गरिरहेका छन् ।यसैगरी, अन्तर ाष्ट्रिय समुदायले व्यापक मानवीय प्रयासको एक हिस्साको रूपमा अफगान महिला अधिकारको संरक्षण र समर्थनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको खामा प्रेसले जनाएको छ ।

# रैथाने बीउ र परिकार संरक्षणमा युवाको सक्रियता



जानकी । बाँकेको बैजनाथ गाउँपालिका-१ गाभरमा दाङ घोराही उपमहानगरपालिका-१२ डाँडा गाउँकी २७ वर्षीया सुशीला चौधरी रैथाने बीउ लिएर आइपुगेकी छन् । तीनदिने युवा सम्मेलनमा आइपुगेकी चौधरी विगत तीन वर्षदेखि रैथाने बीउ संरक्षरण अभियानमा सक्रिय छन् ।

"गाउँमा हिजोबुधबार सम्फुको साग, सिमतारे धान, कालो मास, आलस जस्ता रैथाने बाली पाइन छाड्यो", उनले भने, "रैथाने बीउ हाम्रो खानपान मात्र होइन हाम्रो पहिचान पनि भएको हुनाले यसलाई जोगाउनमा हामी युवा नै लाग्नुपर्छ ।"

गाउँमा उनले आफूले मात्र रैथाने बीउ संरक्षण नगरी समुदायस्तरमा संरक्षणका लागि अभियान चलाउनु भएको छ । "हामीलाई प्रत्यक्ष मात्रामा पुग्ने भिटामिन दिने यस्ता रैथाने खाद्य सामग्री हराउँदै गइरहेका छन्, यिनको संरक्षण गर्न आवश्यक भएको हुनाले युवाले रैथाने बीउको संरक्षणमा लाग्न जरुरी छ ।"सुशीला जस्तै पुथा उत्तरगङ्गा गाउँपालिका १० तकसेरा रुकुम पुर्वका मैत्या धर्ती मगर पनि रैथाने बीउ संरक्षण अभियानमा जोडिएका छन् । गाउँमा आफ्नै घरबास सञ्चालन गर्दै आउनुभएका मैत्या घरबासको भान्सामा रैथाने परिकार नै पकाउछन् । यही मङ्सिरदखि घरबास चलाइरहनुभएका मैत्याले युवालाई रोजगारी दिएका छन् ।

रैथाने बीउ बिजन संरक्षणका लागि मैत्याले आफ्नै गाउँमा ' अर्गानिक कृषि तथा पशु पन्छी पालन समूह' स्थापना गर्नुभएको छ । उहाँलगायत समूहमा आबद्ध भएका युवाले आफ्नै गाउँघरमा पाइने तर लोप हुँदै गइरहेका रैथाने बिउलाई संरक्षण मात्र नगरी किसानलाई र स्थानीय सरकारलाई संरक्षणका लागि जनचेतना समेत फैलाउने काम गर्दै आइरहनुभएको छ ।

"हामी युवाहरुले हाम्रो गाउँमा मात्र नभई रुकुम पूर्वका केही भेगमा पनि लोप हुँदै गइरहेको बीउलाई हाम्रो समूहमा संरक्षण गर्ने मात्र नभई स्थानीय र स्थानीय सरकारलाई समेत संरक्षणका लागि आग्रह गर्ने काम गर्दै आइरहेका छौं," उनले भने, "हामीले हाम्रो रुकुम पूर्वमा सञ्चालन भएका प्रायः घरबास (होमस्टे)मा आफ्नै गाउँघरमा उब्जिएको रैथाने परिकार पकाउन पनि आग्रह गर्ने गर्दछौं ।"

सुशीला र मैत्या जस्तै रुपन्देहीकी २० वर्षीया सुनिता हरिजन पनि विगत दुई वर्षदेखि रैथाने बीउ संरक्षणमा सक्रिय हुनुहुन्छ । भर्खरै स्नातक अध्ययनरत सुनिताले परम्परागत बाली मासिन थालेपछि रैथाने बीउ संरक्षणमा लागेको बताए ।

"पहिला चामलको पीठोबाट बन्ने गुलगुला, फरा, गुजियालगायत खानेकुराका परिकार हिजोबुधबार सुजी र मैदाबाट बन्न थालेपछि पुरानै परिकारलाई संरक्षण गर्नुपर्छ भनेर यो अभियानमा लागेको हुँ", उनले भने, "रैथाने खानेकुरामा पाइने पौष्टिकतत्व र स्वाद बेग्लै हुन्छ, त्यसलै अहिलेको पुस्ता संरक्षणमा लाग्न जरुरी छ ।"

सम्मेलनमा लुम्बिनी प्रदेशबाट सहभागी भएका ३८ समूहका युवाले ७८ प्रजातिका रैथाने बीउ सङ्कलन गरेका थिए । उक्त सङ्कलित रैथाने बीउ राष्ट्रिय जिन बैङ्कका प्रमुख डा बालकृष्ण जोशीलाई हस्तान्तरण गरिएको थियो ।

सो सम्मेलनमा युवाका विषयमा विभिन्न कार्यपत्रका साथै युवा सांस्कृतिक साँझ, लुम्बिनीका युवाद्धारा तयार पारिएको लुम्बिनी प्रदेशको प्रादेशिक कार्ययोजना निर्माण गरिएको नेपाल युवा परिषद्का संस्थापक केन्द्रीय अध्यक्ष सरोज बानियाँले बताए ।

# आयबुधबार्रन गर्दै पूर्वकमलरी

देउखुरी । घोराही उपमहानगरपालिका-२ निमुरियाकी दामी चौधरी पूर्वकमलरी छिन् । कमलरी बस्दा उनले धेरै दुःख भोग्नुपरयो । गुरधौली महिला कृषि समूहमा आवद्ध उनले समूहमा बसेर धेरै सीप सिकेकी छन् ।समूहबाट सिकेका सीपलाई व्यवहारमा लागू गर्नुपर्छ भनेर बङ्गुरपालन, तरकारी खेती र घरमै नास्ता पसल सञ्चालन गरेको दामीले बताए । काम गर्न थालेपछि जीविकोपार्जनमा सहज भएको उनको भनाइ छ ।"म पूर्व कमलरी हुँ, अर्काको घरमा काम गर्न बस्दाको दुःख भनी साध्य छैन । यो संस्थाले हामीलाई मुक्ति दियो र बाँच्न सिकाएको छ", दामीले भने, "अहिले व्यावसायिक रुपमा काम गर्न थालेपछि आर्थिक रुपमा सबल बन्दै गएको छु ।" समूहमा आवद्ध भएर ज्ञान सीप बुधबार्रन गरी व्यवहारमा लागू गर्दै आउनुभएकी दामीले कमलरी जीवनबाट मुक्ति पाएपछि खुसी मिलेको बताए । घोराही-२ सुर्केडाँगीकी सन्तोषी चौधरीले अहिले व्यावसायिक रुपमा तरकारी खेती गर्दै आउनुभएको छ । केही वर्षअघिसम्म उनले निर्वाहमुखी खेती गर्दै आउनुभएको थियो । मुक्त कमलरी, विपन्न, असहाय महिलाको उत्थानका लागि पैरवी गर्दै आएको मुक्त कमलरी विकास मञ्चले उनको गाउँ टोलमा स्थापना गरेको जलजला महिला कृषि समूहमा सन्तोषी आवद्ध भएपछि व्यावसायिक तरकारी खेती थालेको बताए ।

"पहिले निर्वाहमुखी खेती गर्दै आएको थिएँ । सीपसँगै व्यवहारिक पक्षका बारेमा जानकारी पाएपछि व्यावसायिक रुपमा खेती गर्न थालेको छु । कमाई पनि राम्रो भएको छ । यसैबाट घरव्यवहार चलेको छ", सन्तोषीले भने । उहाँ जस्तै ३० जना महिला समूहमा आवद्ध भएर सीप सिक्ने, आत्मविश्वास जगाउने र वित्तिय साक्षरताका बारेमा सीपसँगै आवश्यक ज्ञान हासिल गरेर कृषि पेसामा जोडिनुभएको छ । संस्थामा जोडिएर व्यावसायिक तरकारी खेती गर्न थालेपछि सन्तोषी बाह्रै महिना खेतबारीमा व्यस्त हुन थाल्नुभएको छ । घोराही-८ बेलुवाको सगरमाथा महिला समूहकी अध्यक्ष तिला चौधरीले मुक्त कमलरी विकास मञ्चले आफूहरुलाई काम गरेर आत्मनिर्भर हुन सिकाएको बताए । चौधरीले हिजोबुधबार आफ्नो दैनिकी फेरिएको बताए ।

उनले कमलरी जीवनमा भोगेका दुःख सम्भिन्न चाहनुहुन्न । अहिले व्यावसायिक बाख्रा, कुखुरापालन र तरकारी खेतीमा जोडिनुभएकी तिलालाई घरमा सबैको साथ मिलेको छ । उनले बनाएको खोरमा अहिले कुखुरा हुर्किरहेका छन् । तरकारी बिक्री गरेर आम्दानी हुन थालिसकेको छ । मञ्च कमलरी जीवनबाट मुक्ति पाएका, गरिब तथा महिलाको उत्थानका लागि पैरवी गर्न स्थापित संस्थाले खेल्दै आएको भूमिकाका कारण समस्या समाधानसँगै आगामी योजनाका बारेमा अघि बढ्न सहज भएको तिलाको भनाइ छ । पूर्वमुक्त कमलरीको अगुवाइमा विसं २०६७ मा सामाजिक संस्थाका रुपमा स्थापित मुक्त कमलरी विकास मञ्च एक दशकयता सङ्गठित रुपमा दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्लामा लक्षित वर्गको शिक्षा, सशक्तीकरण, जीविकोपार्जन तथा पुनःस्थापनालगायत हक अधिकारको सवालमा पैरवी गर्दै आएको छ ।

मुक्त कमलरी सम्बन्धी गरिएका सम्झौता कार्यान्वयनका लागि सरकारसमक्ष निरन्तर रुपमा ध्यानाकर्षण गराउने काम गर्दै आएको मञ्चकी केन्द्रीय अध्यक्ष हिरामोती चौधरीले बताए । उहाँका अनुसार मुक्त कमलरी आर्थिक सामाजिक रुपमा सशक्त हुनुपर्छ भन्ने मान्यताका साथ पाँच जिल्लामा ४२ सहकारी र एक समूहमार्फत आयबुधबार्रनका विभिन्न काम भइरहेका छन् । सहकारीमा १४ हजार सात सय २१ जना सदस्य रहेका अध्यक्ष हिरामोतीले जानकारी दिए । सदस्यले सहकारीबाट घुम्ती कोष अनुदान सहयोग लिएर तरकारी खेती, कुखुरापालन, बङ्गुरपालन, किराना पसल र नास्ता पसल सञ्चालन गरेर आयबुधबार्रन गर्दै आएका उनको भनाइ छ ।घोराही-२, ४ र ८ मा 'आइएम स्वीडिस डेभलपमेन्टपार्टनर'कोसाझेदारीमा मुक्त कमलरी तथा सामाजिक बहिष्कारमा परेका महिलाको सशक्तीकरणमा परियोजनामार्फत सीप सिकाउने काम भइरहेको छ । सोका लागि तीन वटा वडामा १३ महिला समूह गठन गरिएको छ । यसमा करिब चार सय बढी महिला दिदीबहिनी आवद्धता रहेका जनाइएको छ । बालबालिकामा सचेतना बढाउन र भोलिको सुन्दर भविष्य निर्माणका लागि तीनै वडामा वडास्तरीय युवा क्लब पनि गठन गरिएको मञ्चकी केन्द्रीय अध्यक्ष हिरामोतीले जानकारी दिए । उहाँका अनुसार उक्त क्लबमार्फत बालविवाह अन्त्य, लैङ्गिक हिंसा निवारणका बारेमा सचेतना फैलाउने काम हुँदै आएको छ ।

दुःखद जीवन बिताउन बाध्य पारिएका कमलरीको जीवनमा परिवर्तन ल्याई सामाजिक रुपान्तरणमा मञ्चले महत्वपूर्ण भूमिका खेलेको घोराही-२ का वडाध्यक्ष चित्रबहादुर चौधरीले बताए ।

मञ्चले सिकाएका ज्ञान र सीपका कारण बुधबार उनीहरु समाजका विभिन्न क्षेत्रमा स्थापित हुँदै गएका उनको भनाइ छ ।

# ठगी गर्ने चार हजार बढि व्यवसायी कारबाहीमा




टुडे समाचारदाता

काठमाण्डु । नेपाल गुणस्तर तथा नापतौल कार्यालय काठमाडौँले नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने तथा समयमा नापतौल यन्त्रको नवीकरण नगर्ने चार हजार सात सय ४१ व्यापारीलाई कारबाही गरेको छ ।कार्यालयले चालू आर्थिक वर्षको छ महिनामा नापतौलमार्फत उपभोक्तालाई ठगी गर्ने तथा समयमा यन्त्रको नवीकरण नगर्ने व्यापारीलाई कारबाही तथा जरिवाना गरेको हो ।

कार्यालयका प्रमुख राकेशकुमार झाले अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्रको प्रयोग गरेर आम उपभोक्ता ठगी गर्ने क्रम बढेकाले कार्यालयले विशेष निगरानी बढाएको बताए । "अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको छ, त्यस्तालाई हामीले कारबाहीको दायरामा ल्याएका छौँ," उनले भने ।कार्यालयले पछिल्लो समय व्यापारीको सहजताका लागि 'डोर टू डोर' अभियानसमेत सञ्चालन गरिरहेको छ । 'डोर टू डोर' अभियानअन्तर्गत कार्यालयले नयाँ व्यापारीलाई अनुमति प्रदान गर्ने, अनियमित गर्नेलाई कारबाही गर्ने, जाँच नवीकरण गर्नेलगायत काम गर्दै आएको कार्यालय प्रमुख झाले बताए ।

कार्यालयले साउनदेखि पुस मसान्तसम्म एक हजार तीन सय ८२ व्यापारीलाई नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गर्न अनुमति प्रदान गरेको छ । यसैगरी, चार हजार ३३ नापतौल तथा नाप्ने तौलने यन्त्रको जाँच, एक सय दुई पेट्रोल पम्प जाँच र दुई हजार ६ सय १८ ट्याक्सी मिटर जाँच गरेको जनाएको छ ।सीमित स्रोत र साधनबीच बजार अनुगमनलाई तीव्रता दिएको कार्यालयले नापतौलसम्बन्धी उपभोक्ता हक, हित संरक्षणका लागि ८० पटक एकल अनुगमन र ५२ पटक संयुक्तरुपमा बजार अनुगमन गरेको छ ।

कार्यालय प्रमुख झाले जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले नापतौल कार्यालयले कारबाहीलाई प्राथमिकता दिएको बताए । "नियतवश आम उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई कारबाहीको दायरामा ल्याउँछौँ", उनले भने ।कार्यालयले चालु आवको छ महिनामा रु ९२ लाख ९८ हजार पाँच सय ९२ राजस्व सङ्कलन गरेको छ । कार्यालयले हाल काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट र रसुवा गरी नौ जिल्लामा नापतौलको अनुमति प्रदान, नवीकरण, अनुगमन र गल्ती गर्नेलाई कारबाही गर्दै आएको छ ।

# स्वदेशी महले पाएन बजार

**टुडे समाचारदाता**



जनकपुरधाम । जनकपुरधाम उपमहनगरपालिकालेजनकपुरधामको पेठिया बजार क्षेत्रको फुटफाथमा लगाइएको पसल तथा ठेलाहरु हटाएको छ ।

बुधवार दिउँसो उपमहानगरपालिका नगर प्रहरीले सो क्षेत्रका सडकको पेटमा लगाईएको फुटफाथ पसलहरु तथा ठेलामा समान गरि विक्रि वित्तरण गर्ने व्यापारीहरुलाई खालि गराएको छ ।

फुटफाथमा पसल लगाउदाँ बाटो हिडने सर्वसधारणलाई सास्ती हुने गरेकोले सो हटाईएको उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले जानकारी दिए । उनले फुटफाथका कारण पेथिया बजार अस्तव्यस्त हुने र सवारी आवतजावतमा समस्या तथा हुने तथा सवारी दुर्घटना न्युनिकरण गर्ने उदेश्यले यस्तो गरिएको उनले बताए ।


# Invitation for Bids

Madhesh Province Government
Madhesh Institute of Health Sciences
Provincial Hospital
Madhesh Province
Janakpurdham, Dhanusha
Date of publication: 7 Macrh 2024

**Invitation for Bids No: MIHS/NCB/WORKS/2080-081/1**

1. Madhesh Institute of Health Sciences, Provincial Hospital, invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www. bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below . Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office: Madhesh Institute of Health Sciences, Provincial Hospital
   Office Code no. : 3700517012
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held at the Madesh Institute of Health Sciences, Provincial Hospital, at 01:00 PM on 27 March 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov. np/egp on or before 12:00 Noon on7 April 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on7 April 2024 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf ,amounting to a minimum of NRs. 90,000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities

| IFB/Contract Name | Cost Estimate (without VAT and contingencies) |
|---|---|
| Dip Boring Jadan Karya in Provincial Hospital, Madhesh Institute of Health Sciences, Provincial Hospital. | 3262131.48 |

# कृष्णाराम मरौटीस्थल ओझेलमा



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकाको १ स्थित चुरे पहाडमा अवस्थित कृष्णाराम मरौटी स्थल ओझेलमा परेको छ । जिल्लाको लोक संस्कृतिसँग जोडिएको लोकनायक कृष्णाराम मरौटी आन्तरिक तथा बाह्यपर्यटक भित्र्याउने सम्भावना रहेको स्थल ओझेलमा परेको छ।

यस ठाउँसम्म पुग्न सहज, सुगम बाटो धाटो नभएको कारण आन्तरिक तथा बाह्यपर्यटक भित्र्याउन नसक्दा ओझेलमा परेको स्थानीय बताउँछन् । आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने सम्भावना रहेता पनि बाटो धाटोको व्यवस्थापन हुनसक्दा र प्रचार प्रसारको समेत हुन नसक्दा चुरे जङ्गलमा अवस्थित सप्तरी र उदयपुर जिल्लाको सिमानामा पर्ने यस स्थल ओझेलमा परेको स्थानीय रामी यादव बताउछन् । उनका अनुसार जिल्लाको महुली बजारदेखि करिब १४ किलोमिटर उत्तरतर्फको चुरे जङ्गलमा अवस्थित, लोक संस्कृतिसँग जोडिएको लोकनायक कृष्णाराम मरौटीस्थल छन् ।

लोक देवताको रूपमा पुजित कृष्णाराम र शोभरण दुई दाजुभाइ रहेको बुढा पाखा सुग्मवर यादव बताउँछन् । उनले कृष्णारामले त्यसक्षेत्रमा आफ्ना गाईभैंसीका बथान राख्ने गरेको किंवदन्ती रहेको बताए । कृष्णाराम त्यहाँ गाई चराउने गर्दथे र फुर्सदमा कुश्ती खेल्ने गरेको लोकगाथामा उल्लेख छ।

नव विवाहित पत्नीलाई समेत बिर्सेर उनी गाईबस्तुमै बढी समय बिताउने गरेका कारण उनकी पत्नी बुधनी दुःखी रहन्थिन् । त्यसैले आमा कजलाले माइलो छोरा शोभरणलाई केही दिनका लागि दाजुलाई घर ल्याउनपठाएकी थिइन । भाइ लिन आएपश्चात् कृष्णाराम घर फर्किने क्रममा दुवै दाजुभाइ लोकनायक सलहेशका भाञ्जा कारिकान्तद्वारा नेबुवा बागमा मारिएपछि सो क्षेत्र पशुपालकका लागि पूजनीय स्थल बन्न पुगेको किंवदन्ती छ।

दाजुभाइ मारिएको स्थलमा अझै रूखमुनि सयौंको संख्यामा काला पत्थरका टुक्राहरू थुपारिएका छन् भने उक्त टुक्राहरू दुवै दाजुभाइको शरीरको अङ्ग भएको जनविश्वास छ । कृष्णारामको मृत्यु भएको कारणले सो स्थललाई मरौटी भनेर चिनिन्छ।

"त्यस स्थानमा जनार दिने प्रचलन छ भने घरमा पालेको गाई-भैंसी ब्याउँदा पहिले कृष्णारामलाई खीर, दही, लड्डु र पान सुपारी अगरवती सहितका प्रसादको रूपमा चढाउने परम्परा रहेको संस्कृति विज्ञ अनिल कुमार अनल बताउछन् । मरौटीस्थलमा अनेकौं भाकलहरू पनि गरिन्छ," उनले भने । भाकल पूरा भएपछि यहाँ खीर, दही, लड्डु र पान सुपारी अगरवतीसहितका प्रसादको रूपमा चढाउने परम्परा रहिआएको बताए ।

किसानहरूको श्रम पेसासित जोडिएको पशुपालन र पशुपालनसित जोडिएको कृष्णारामको गाथालाई स्मरण गराउने मरौटी क्षेत्रलाई सांस्कृतिक पर्यटकीय स्थलका रूपमा विकास गर्न बाटो-घाटो र शान्ति सुरक्षाको उचित व्यवस्थाकासाथै प्रचार प्रसार गर्न सके जिल्लाकै आर्थिक अवस्था सुदृढ हुने सम्भावना छ । लोकनायक कृष्णाराम मरौटीस्थलको आफ्नै ऐतिहासिक विशेषता छ, यस क्षेत्रलाई सांस्कृतिक पर्यटकीय स्थल बनाउन सकिए जिल्लाको मात्रै नभएर प्रदेशकै आर्थिक अवस्था सुदृढ हुने सम्भावना रहेको उनले बताउँदै यस क्षेत्रको विकासका साथै बाटोघाटो र शान्ति सुरक्षाको उचित व्यवस्था हुनु अति आवश्यक रहेको उनको भनाइ छ।

यस मनोरम स्थलसम्म पुग्न खोला तथा गुफा भएर जानुपर्ने बाध्यता छन् । ठाउँ-ठाउँमा झरनाको मनोरम दृश्य, जङ्गलको चराचुरुङ्गीको आवाजका साथै अन्य आकर्षक दृश्यहरूले पर्यटक तथा दर्शनार्थीहरूको मन लोभ्याउने गर्छन् ।

यस स्थलमा नेपाल लगायत भारतको सुपोल,मधुवनी, सहर्षा, अररिया, झंझारपुर, दरभंगा क्षेत्रबाटसमेत दर्शनार्थीहरू आउने गरेपनि बाटो-घाटो, खानेपानी, व्यवस्थित धर्मशाला र शान्ति सुरक्षाको अभावले यो महत्वपूर्ण स्थल ओझेलमा पर्न गएकोले सम्बन्धित निकायको ध्यान जानु आवश्यक रहेको स्थानीयहरू बताउँछन् ।

# वन क्षेत्रमा धुवाँको मुस्लो



टुडे समाचारदाता

जलेश्वर । पूर्वपश्चिम राजमार्गको दायाँबायाँका वनक्षेत्रमा अहिले जतातै धुवाँको मुस्लो देखिन्छ । महोत्तरीको भब्सीपुलदेखि सर्लाहीसँगको सीमा पर्ने बाँके पुलसम्मको करिब १६ किलोमिटर दूरीको वनक्षेत्रमा जतातै लागेको डढेलोले परैसम्म धुवाँको मुस्लो देखिएको छ।

धेरैजसो पूर्वपश्चिम राजमार्गभन्दा दक्षिणतर्फ सागरनाथ वन विकास परियोजनाको प्लटमा देखिने डढेलो अब उत्तरतर्फ पनि बढेको छ । राजमार्ग दक्षिण परियोजना र उत्तरतर्फ सामुदायिक (राष्ट्रिय वन) वनक्षेत्र छ । डढेलोको चपेटामा बढी परेको जिल्लाको बर्दिबास र गौशाला नगरपालिका क्षेत्रमा पर्ने परियोजनाको वनक्षेत्र अभिलेखले आठ हजार हेक्टर देखाउँछ । यद्यपि ठाउँठाउँमा भएको अतिक्रमणले हाल परियोजनाको वनक्षेत्र छ हजार हेक्टर मुनि झरेको वनसम्बद्ध अधिकारी स्वीकार गर्छन् ।

यसैगरी, जिल्लामा परियोजनाबाहेक सामुदायिक र धार्मिकसहितको वनक्षेत्र अभिलेखमा १६ हजार हेक्टरमाथि छ । यी क्षेत्रमा पनि अतिक्रमणको चपेटा छ । एकातर्फ अतिक्रमण र बर्सेनि फागुन/चैतको डढेलोले वन सखाप पारिरहेको वनक्षेत्र नजिकका बासिन्दा बताउँछन् ।

"वनक्षेत्रका रुखदेखि जग्गासम्म तस्करमा आँखा छन्, वन क्षेत्र ओगट्ने कारबाहीमा परेका देखिँदैनन्", बर्दिबास-३ का पाटुका बासिन्दा होमबहादुर खड्का भन्छन्, "बर्सेनि डढेलोले वनक्षेत्र उजाड देखिएको छ ।" अतिक्रमणको चपेटा र बर्सेनिको डढेलोले वनक्षेत्र सखाप बन्दै गएको छ ।फागुन मध्ययता पहिले परियोजनाका प्लटमा देखिने डढेलो दुई/तीन दिनयता राजमार्ग उत्तरको सामुदायिक वनक्षेत्रमा बाक्लै देखिन थालेको छ। वनमा डढेलो देखिएपछि बस्तीमा त्रास छाउने गौशाला-८ ढल्केवर बेलगाछीका सामाजिक/राजनीतिक कार्यकर्ता मीन रहपाल बताउछन् । "बस्तीसँगै जोडिएको वनक्षेत्रमा आगोको मुस्लो देखिन्छ, डरले राति निदाउन सकिन्न", रहपालले भने ।

यसपालि हिउँदे वर्षा नहुँदा वनक्षेत्रका पतिङ्गर (रुखबाट झरेका पात) खड्किएका हुँदा आगो चाँडै फैलने गरेको छ। दिनहुँको डढेलोले वनक्षेत्रका ससाना नयाँ बुटा डढेर कालो ठुटा बनेका छन् । अहिले बढी डढेलो परियोजना प्लटमा देखिए पनि राजमार्ग उत्तरको सामुदायिक वनक्षेत्रमा पनि दुई/तीन दिनयता डढेलो बाक्लै बढेको छ। सामान्यतया चैतमा बढी देखिने डढेलो यसपाली भने मध्य फागुनदेखि नै बढेको छ। जिल्लाको बर्दिबास र गौशाला नगरपालिका क्षेत्रका सागरनाथ वन विकास परियोजनाको प्लटबाहेक राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वन र धार्मिक वनक्षेत्र पनि डढेलोले उजाड बनाउँदै लगेको बर्दिबास-५ का वडाध्यक्ष कहारमान स्याङ्वा बताउछन् ।"राजमार्ग दक्षिणबाट सल्केको डढेलो अब राजमार्ग उत्तरतिर पनि बढ्दै गएको छ", स्याङ्वा भन्नुहुन्छ, "डढेलो नियन्त्रणमा अब कडाइ जरुरी छ ।" पूर्वपश्चिम राजमार्ग तल्तिर (दक्षिण) सागरनाथ वन विकास परियोजनाका प्लट छन् । माथितिर (उत्तर) राष्ट्रिय तथा सामुदायिक र धार्मिक वनको क्षेत्र बढी छ। अहिले तलतिर बढी डढेलो देखिएको छ । "धनुषा र महोत्तरीको साँध रातुपुलदेखि पश्चिम बाँकेपुलसम्मको महोत्तरीको करिब १८ किमी दुरीभित्रै पूर्वपश्चिम राजमार्गसँगै जोडिएर बर्दिबास र गौशाला नगरक्षेत्रका वनभित्रै चार वन सबडिभिजन कार्यालय (बाँके, टुटेश्वर, गणन्ता र गौरीडाँडा) छन्, सशस्त्र वन सुरक्षा कार्यालय छ , यसबाहेक सागरनाथ वन विकास परियोजनाको कार्यालय र पोष्ट नै छन्," वनक्षेत्रसँगै जोडिएको गौशाला-१० का विवेक कुशवाहा भन्छन, "डढेलो लगाउने कहिल्यै समातिएनन् ।" डढेलो लगाएबापत कोही समातिने र कारबाहीमा पर्ने नदेखिएपछि डढेलो लगाउने बढेको कुशवाहाको भनाइ छ। खासमा वनसम्बद्ध कर्मचारीले जिम्मेवारी क्षेत्रलाई सेवाको काम नभएर जागिर बुझ्ने प्रवृति र वनसम्बद्ध समिति तथा कार्यालयको उदासिनताले वन उजाड हुँदै गएको यहाँ आम टिप्पणी बढेको छ।

वनमा डढेलो लगाए त्यसपछि पानी परेलगत्तै नयाँ घाँस पलाउने विश्वासले वन क्षेत्र नजिककै पशुपालकले डढेलो लगाउने गरेका यस क्षेत्रका बुढापाकाको ठम्याइ छ । दिनहुँ गाईबस्तु डुलाउन वनक्षेत्र पुग्ने गोठालाले नै यस्तो गर्नेगरेका धेरैको बुझाइ छ। बर्सेनि फागुन लागेपछि डढेलो लगाउने क्रम बढ्ने थाहा भएर पनि वनसम्बद्ध कार्यालयले त्यसको नियन्त्रणमा पूर्वसजगता नअपनाएको यस भेगका बासिन्दाको गुनासो छ । जिल्लामा राष्ट्रिय वन, सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत अभिलेखमा २४ हजार चार सय ६५ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालयले जनाउँदै आएको छ । यद्यपि पछिल्ला दुई दशकयता बढेको राजनीतिक संरक्षित अतिक्रमणले वनक्षेत्र अब १६ हजार हेक्टरभित्र खुम्चेको वन अधिकारी नै स्वीकार गर्छन् ।

पछिल्ला केही वर्षयता सुरक्षा तरलताले वन क्षेत्र रूखविहीन बन्दै गएका वन तथा वातावरण क्षेत्रमा कार्यरत सामाजिक संस्था सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउछन् । वन क्षेत्रको सुरक्षा र व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको डिभिजन वन कार्यालयले पर्याप्त सुरक्षाकर्मी नहुँदा सबै क्षेत्रमा सघन गस्ती गराउन नसकिएको स्वीकार गरेको छ।

वन क्षेत्रको सुरक्षा र प्रवर्द्धनको कार्य वन क्षेत्रसँग जोडिएका बस्तीका बासिन्दाको सहयोगबाट सम्भव हुने वन कर्मचारीको भनाइ छ। खासमा डढेलो वन वरिपरिकै पशुपालक परिवारका गोठालाबाट हुने भएको हुँदा यसको नियन्त्रणमा सर्वसाधारणको सहयोग अपरिहार्य बनेको डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झा बताउछन् ।"वनमा डढेलो रूखहरुबीचको घर्षण र आगो सल्काएरै हुने हो, यहाँ धेरैजसो सल्काइएको आगोले नै नोक्सान गर्दै आएको छ", झा भन्छन् , "बर्सेनि डढेलो नियन्त्रणका लागि छलफल, प्रचारप्रसार गरिदैछ, यद्यपि यो नियन्त्रण हुन सकेको छैन ।" आगो सल्काएर हिँडेपछि अनुमानको आधारमा कसैलाई समात्ने न्यायोचित नहुने र यो मिनटभरमै गर्ने भएपछि यस्तालाई नियन्त्रणमा लिन कठिनाइ भएको झाले स्वीकार गरे ।"हामी सुरक्षा र प्रशासनिक निकायको समन्वयमा गस्ती गरिरहेका हुन्छौं तर डढेलो नियन्त्रणका लागि यो पर्याप्त छैन", झा भन्छन्, "स्थानीय तह, नागरिक समाज, वनसम्बद्ध समिति र आम उपभोक्ताबीच डढेलोविरुद्ध समन्वय र संयुक्त पहलकदमीको आवश्यकता छ।" यस्तो समन्वयका लागि डिभिजन वन कार्यालयले आफ्ना मातहत कार्यालयमार्फत निरन्तर प्रयत्न गरिरहेको उनको भनाइ छ।

# दुई जनाको शव फेला


**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा दुई दिनको अवधिमा दुई जनाको शव भेटिएको छ । मिथिला नगरपालिका-६, ढल्केबरमा मागी खाने एक महिलाको शव सोमबार भेटिएको थियो ।

इलाका प्रहरी कार्यालय ढल्केबरका अनुसार होटल तथा पसलमा गएर मागी खाने क्षीरेश्वरनाथ नगरपालिका-७, दुर्गाटोलकी अन्दाजी ४० वर्षीया राधा बस्नेतको शव भेटिएको छ । घटनास्थलको मुचुल्का गरी ती महिलाको शव उनका श्रीमान् कालीप्रसाद बस्नेतलाई जिम्मा लगाइएको प्रहरीले जानकारी दिएको छ । मानसिक सन्तुलन बिग्रेकी ती महिला विगत पाँच/छ वर्षदेखि ढल्केबर र वरपरको गाउँ डुलेर मागी खाने गर्दैआएकी थिइन् । यस्तै, मङ्गलबार साँझ मिथिला नगरपालिका-५, श्रीपुरस्थित औरही खोलामा एक जना पुरुषको शवफेलापरेकोथियो।क्षीरेश्वरनाथ नगरपालिका-५, गिरीटोलका अन्दाजी ३५ वर्षीय नागेश्वर यादवको शव भेटिएको छ।

प्रहरीका अनुसार मृतक यादवको शरीरमा कुनै घाउचोट देखिएको छैन। अत्यधिक रक्सी सेवनबाट यादवको मृत्यु भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको प्रहरीको भनाइ छ।

# सहायक प्रहरी हवल्दारको मृत्यु



**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा एक सहायक प्रहरी हवल्दारको मृत्यु भएको छ । बुधबार भऱ्याङबाट लडेर सर्लाही जिल्लाको बलरा नगरपालिका १० सिंह टोल घर भई इलाका प्रहरी कार्यालय बोदे बरसाईनमा कार्यरत ३३ वर्षीय सहायक प्रहरी हवल्दार कृष्ण मोहन सिंहको मृत्यु भएको छ।

भऱ्याङबाट लडेर घाइते भएका सिंहको बुधबार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदेबर्साईनलाई उद्धृत गर्दै सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेले जानकारी दिए। घाइते सिंहलाई उपचारका लागि स्थानीय जीवन ज्योति हस्पिटलमा लगिए पनि त्यहाँ उपचार सम्भव नभएपछि तत्कालै छिन्नमस्ता हस्पिटल राजविराज पठाइएको थियो। तर हस्पिटलले सिंहलाई मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए ।मृतक सहायक प्रहरी हवलदारको शव राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको र पोस्टमार्टम गरेपछि आफन्तलाई जिम्मा लगाउने प्रवक्ता न्यौपानेले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको उनको भनाइ छ।

# रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढ्दो



वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको छ। तस्वीर : टुडे

**टुडे समाचारदाता**

वीरगञ्ज । मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र श्वासप्रश्वासका बिरामी बढ्दै गएका छन् । केही दिनयता चलेको सुख्खा हावा र गर्मी बढ्दै गएपछि सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी बढेको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ।

कार्यालयका अनुसार वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको छ । दूधे बालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढ्को नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए।

रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी परेर दैनिक करिब ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको डा सिंहले बताए । अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शैयाको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए।

यता, गर्मीसँगै लामखुट्टेको प्रकोप बढ्न थालेपछि वीरगञ्ज महानगरपालिकाले लामखुट्टे नष्ट गर्न स्प्रे अभियान सुरु गर्न लागेको छ । पछिल्लो समय वीरगञ्ज महानगर क्षेत्रमा लामखुट्टेको प्रकोप बढेर डेङ्गी, मलेरियालगायतका सङ्क्रमणको जोखिम बढेको भन्दै महानगरपालिकाले लामखुट्टे र त्यसको लार्भा नष्ट गर्ने अभियान सुरुवात गर्न लागेको छ।

अभियानका क्रममा महानगरपालिकाले विभिन्न स्थानमा जमेका पानी सफा तथा स्प्रे गरिने महानगरपालिकाका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिए।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा महानगरपालिकाले बिहीबारदेखि महानगरका सबै वडामा स्प्रे गर्न लागेको छ। लामखुट्टेको प्रकोप र त्यसबाट फैलिनसक्ने रोगको सङ्क्रमण नियन्त्रणका लागि अभियान सुरु गर्न लागेको प्रमुख मियाँले बताए।

लामखुट्टेको लार्भा नष्ट गर्नका लागि बिहानको समयमा तीन चरण पम्प स्प्रे गर्ने तालिका रहेको जनाएको छ। औषधि, पानी र मट्टितेलको मिसावट गरी बनाइएको स्प्रे वीरगञ्ज महानगरकाको ३२ वटै वडामा छर्किने योजना रहेको छ।

# बजेट फ्रिजको भय

**टुडे समाचारदाता**

वीरगञ्ज । सडक निर्माणको काम निर्धारित समयमा नहुँदा आर्थिक वर्ष २०८०/८१ मा आएको १२ करोड रुपैयाँ फिर्ता जाने सम्भावना बढी रहेको पूर्वाधार विकास कार्यालय पर्साले जनाएको छ । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा पर्साका विभिन्न ८ वटा सडकलाई कालोपत्र गर्न ५४ करोड ७१ लाख रुपैयाँ विनियोजन गरेको थियो । कालोपत्रमा रकम अभाव हुन नदिन प्रदेशले चालु आर्थिक वर्षमा थप १२ करोड रुपैयाँ विनियोजन गरेको छ।

आठवटा सडक कालोपत्र गर्ने ठेक्का मध्ये ६ वटा सडकको ठेक्का काठमाण्डुको शिवाको कन्स्ट्रक्सन प्रालि र दुईवटा रन्जन निर्माण सेवाले सकार गरेका थिए । पुस मसान्तसम्म निर्माण सकिनुपर्ने ठेक्काको काम हालसम्म २५ देखि ६० प्रतिशत मात्र भएको छ। पुससम्मको निर्धारित समयभित्र कालोपत्र सम्पन्न नभएपछि ठेकेदार कम्पनीकै अनुरोधमा पूर्वाधार विकास कार्यालयले बैशाखसम्म म्याद थपेपनि कामले गति लिएको छैन् ।

प्रदेश सरकारले आठवटै सडकका लागि चालु आर्थिक वर्षमा डेढ/डेढ करोड गरी १२ करोड थप गरेको थियो । 'सडक कालोपत्र गर्दा रकम अभाव नहोस् भनेर प्रदेशले थप बजेट विनियोजन गरेको हो,' एक प्राविधिक भन्छन्, 'तर, समय अवधि बमोजिम निर्माण कार्य नहुँदा पुरानै विनियोजित रकम सकिएको छैन्, चालु आवमा आएको पैसा फिर्ता हुने बढी सम्भावना छ।'

पूर्वाधार विकास कार्यालयका अनुसार गुलरियाचोकस्थित वडा कार्यालयदेखि पटेर्वासुगौलीसम्मको सडक ६ करोड ८५ लाख रुपैयाँमा कालोपत्रे गर्ने ठेक्का शिवाको कन्स्ट्रक्सनले लिएको थियो। निर्धारित समयावधिमा उक्त सडकको ६० प्रतिशत मात्र निर्माण सकिएको छ । शिवाकोले नै रामपुर-गण्डक नहर-बहुअर्वा -पचरुखी हरपुर सडक ६ करोड ९६ लाखमा ठेक्का पाएकोमा यसको भौतिक प्रगति ३५ प्रतिशत मात्र भएको छ।

६ करोड ४८ लाखमा श्रीसिया सुक्खाबन्दरगाह-अठराहा-सुगौलीविर्ता अपौनी सडक निर्माणको ठेक्का लिएको शिवाकोले पुस मसान्तभित्र २५ प्रतिशतमात्र काम गरेको छ। ६ करोड ५३ लाखमा निर्माण सम्पन्न हुने भनिएको लक्ष्मनवा-भिस्वा-नगवा-इनर्वा सडकको भौतिक प्रगति ३० प्रतिशत मात्र रहेको छ। ६ करोड ४२ लाखमा निर्माणको ठेक्का लिएको धोरे-पकाहा-पोखरिया सडकको भौतिक प्रगति ३० प्रतिशत मात्र भएको छ । परसवा-कियासोतपुल-जनता सडक-रामवन सडकको प्रगति ६५ प्रतिशत रहेको छ। उक्त सडक निर्माणका लागि शिवाकोले ७ करोड १५ लाखमा ठेक्का लिएको छ।

यसैगरी रन्जन निर्माण सेवाले सबैठवा-भेडिहारी-हरिहरपुर-गण्डक नहर सडकको निर्माणका लागि ६ करोड ८७ लाखमा ठेक्का लिएको थियो। यसको भौतिक प्रगति ४० प्रतिशत रहेको पूर्वाधार कार्यालयले जनाएको छ। रन्जन निर्माण सेवाकै ठोरी बाघामोर्चा खोला-सुवर्णपुर दण्डाचोक-गम्हरिया टोल-महादेवपटी सडक कालोपत्रेको काम ६० प्रतिशत भएको छ।

पूर्वाधार विकास कार्यालयका सिनियर डिभिजन इन्जिनियर दीपककुमार मिश्रले दुबै निर्माण कम्पनीलाई ताकेता गर्दै आए पनि निर्माण कार्य अगाडि नबढाएको बताउँछन्। 'पटक पटक मौखिक एवम् लिखित रुपमै ताकेता गरेका छौं,' मिश्रले भने, 'तर सम्झौता बमोजिम काम सम्पन्न गर्ने तादरुकता देखाएका छैनन्।' उनका अनुसार काम सम्पन्न नगर्ने ठेकेदार कम्पनीलाई कालोसूचिमा किन नराख्ने भनि पत्राचार समेत गरिएको छ।

कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाएपछि ठेकेदार कम्पनीले असार मसान्तभित्र काम सम्पन्न गर्ने लिखित प्रतिवद्धता जनाए काम अगाडि नबढाएको कार्यालय प्रमुख मिश्रले बताए । 'निर्माणस्थलमा एक/एक ट्र्याक्टर ग्राभेल खसाएका छन्,' उनले भने, 'यसलाई पनि के काम गरेको भन्नु।' अर्को साता ठेकेदार कम्पनीले बैंकमा राखेको कार्यसम्पादन जमानत तान्ने योजना रहेको उनले सुनाए। 'काम गरेको देखाउन एक ट्र्याक्टर ग्राभेल झारिरहेका छन्,' उनले भने, 'अर्को साता बैंकमा जम्मा रहेको ठेकेदार कम्पनीको कार्यसम्पादन जमानत तानेर राजस्व खातामा जम्मा गर्छौं।'

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८